अध्याय दुई

# नेटवर्कअन्तर्गत बज्ने रेडियो कार्यक्रम र तिनको समीक्षा

## पृष्ठभूमि

बाहिरबाट हेर्दा रेडियो प्रविधिका रूपमा चिनिए पनि आखिर त्यहाँ बज्ने कार्यक्रम र विषयवस्तु यसको महत्त्वपूर्ण पक्ष हो । एफएम रेडियोमा नेटवर्किङको सुरुआत काठमाडौँस्थित कम्यूनिकेशन कर्नरबाट उत्पादित समाचारमूलक कार्यक्रम *कायाकैरन* काठमाडौँबाहिरका रेडियो स्टेसनमार्फत प्रसारण गर्ने क्रममा भएको थियो (हेर्नुहोस् अध्याय १) । देशका विभिन्न भागमा रहेका रेडियोलाई नेटवर्कमार्फत जोड्नुको मुख्य उद्देश्य एक ठाउँमा उत्पादित कार्यक्रम अर्को ठाउँमा सुनाउनु हो । प्राय: काठमाडौँमा उत्पादन गरिएका विभिन्न किसिमका रेडियो कार्यक्रम नेटवर्कमार्फत धेरै ओटा रेडियो स्टेसनमा बजेका हुन्छन् । यो प्रक्रिया दिनानुदिन बढ्दो छ ।

एफएम रेडियोको विस्तार नभएको र नेटवर्कको विकास नभएको बेलामा कार्यक्रम उत्पादकहरूका लागि देशका धेरै भागसम्म पुग्न रेडियो नेपाल एकमात्र विकल्प थियो । २०४६ सालपछि नेपालमा गैरसरकारी सङ्घसंस्थाका गतिविधि प्रशस्त मात्रामा बढे भने अर्कातिर रेडियो नेपालले पनि बाहिरबाट उत्पादन हुने कार्यक्रम आफूले प्रसारण गर्ने नीति लियो (हुमागाईं २०६१) । यसले गर्दा रेडियो

कार्यक्रममार्फत जनचेतना बढाउन चाहने सङ्घसंस्थाका निम्ति रेडियो नेपाल एउटा महत्त्वपूर्ण माध्यम बन्यो। त्यसपछि धेरै संस्थाहरूले आफ्नो चासोका विषयमा रेडियो कार्यक्रम उत्पादन गरी रेडियो नेपालबाट प्रसारण गर्न थाले। २०५४ सालपछि स्वतन्त्र एफएम रेडियोको स्थापना गर्ने लहर चलेपछि एफएम रेडियो लोकप्रिय भए। त्यसपछि कार्यक्रम उत्पादकहरूले रेडियो नेपालभन्दा एफएम रेडियो रोज्न थाले। रेडियो स्टेसन होस् वा कार्यक्रम उत्पादन गृह; अथवा सरकारी, गैरसरकारी संस्था नै किन नहोउन्, ती सबैले आफ्ना कार्यक्रमलाई रेडियो नेटवर्कको उपयोग गरेर देशका बढीभन्दा बढी स्थानसम्म पुऱ्याउन प्रयास गरेका छन्। निश्चित नेटवर्कमार्फत धेरै रेडियो स्टेसनसमक्ष एकैपटक पुग्न सकिने प्राविधिक सुबिधाका कारण नेटवर्कमार्फत आफ्ना कार्यक्रम प्रसारण गर्ने रहर कार्यक्रम उत्पादकहरूमा जागेको छ। त्यसकारण अहिले काठमाडौँबाहिरका अधिकांश एफएम रेडियोहरूमा काठमाडौँमा उत्पादित धेरै कार्यक्रमहरू सुन्न सकिन्छ।[1]

यो अध्याय काठमाडौँमा उत्पादन भएर रेडियो नेटवर्कमार्फत काठमाडौँबाहिरका रेडियो स्टेसनहरूमा पुग्ने कार्यक्रमहरूको समग्र समीक्षामा केन्द्रित छ। एफएम रेडियोका नेटवर्कमार्फत के कस्ता किसिमका कार्यक्रम बजिरहेका छन्, यस्ता कार्यक्रम उत्पादनमा कस्ता सङ्घसंस्थाले चासो राख्ने गरेका छन्, तिनले उठाएका विषयवस्तु कस्ता छन्, के कस्तो फर्म्याटमा कार्यक्रम उत्पादन गरिन्छन्, त्यस्ता कार्यक्रम कुन प्रक्रियाद्वारा उत्पादन भइरहेका छन् भन्ने जस्ता सवालमा यो अध्याय केन्द्रित छ। यसबाट राष्ट्रिय सरोकारका विषयवस्तुहरू कुन रूपमा के कस्तो प्रक्रियाबाट देशका कुनाकुनासम्म पुगेका छन् र त्यस्ता विषयवस्तुमा स्थानीय क्षेत्रको सहभागिता हुन सकेको छ वा छैन भन्ने बुझ्न सकिन्छ। यस अध्यायलाई चार खण्डमा विभाजन गरिएको छ। पहिलो खण्डमा केही मुख्य रेडियो नेटवर्क तथा कार्यक्रम उत्पादन गृहबाट उत्पादित कार्यक्रमको विवरण दिइएको छ। दोस्रो खण्डमा नेटवर्कका कार्यक्रममा उठाइने गरेका विषयवस्तुको जानकारी छ। यसमा समाचार बाहेकका कार्यक्रम समेटिएका छन्। के कस्ता मुद्दामा आधारित भएर कार्यक्रम उत्पादन र वितरण भइ आएका छन् भन्ने विश्लेषण यस खण्डमा गरिएको छ। त्यस्ता कार्यक्रम स्थानीय स्तरमा कसरी सान्दर्भिक भए भन्ने कुरा पनि यसमा केलाइएको छ। तेस्रो खण्डमा रेडियो

---

१ काठमाडौँबाहिरका एफएम रेडियोहरूमा नेटवर्कका कार्यक्रमले के प्रभाव पारेका छन् भन्नेबारे यसै पुस्तकको अध्याय ४ मा दिइएको छ।

कार्यक्रमको फर्म्याटबारे चर्चा गरिएको छ। नेटवर्कअन्तर्गत बज्ने टक शो, रेडियो पत्रिका र नाटक जस्ता फर्म्याटमा उत्पादित कार्यक्रमका बारेमा जानकारी यस खण्डमा छ। चौथो खण्डमा कार्यक्रम उत्पादन प्रक्रियाबारे चर्चा गरिएको छ। कार्यक्रम उत्पादन प्रक्रियामा स्थानीय क्षेत्र वा समुदायको सहभागिता बढाउन र त्यहाँको आवाज नेटवर्कअन्तर्गत बज्ने कार्यक्रममा समेट्न भइरहेका अभ्यासको विश्लेषण गरिएको छ। अन्तमा यस अध्यायको निष्कर्ष प्रस्तुत छ।

## कार्यक्रमको विवरण

एफएम रेडियोमा नेटवर्किङ गरी प्रसारण भइरहेका कार्यक्रमको विवरण तालिका २.१ मा दिइएको छ। यहाँ काठमाडौँमा उत्पादन भई विभिन्न एफएम रेडियोमा प्रसारण भइरहेका २८ ओटा कार्यक्रम समेटिएका छन्। कतिपय सङ्घसंस्थाहरू आफूले उत्पादन गरेका कार्यक्रमलाई रेडियो नेपालको नेटवर्क प्रयोग गरेर प्रसारण गराइरहेका छन्। इमेज, कान्तिपुर र रेडियो नेपाल समग्र अध्ययनमा नपरेको हुँदा तीमार्फत प्रसारित कार्यक्रमको चर्चा यहाँ छैन।

**तालिका २.१ : एफएम रेडियोमा नेटवर्किङ गरी प्रसारण हुने कार्यक्रमको विवरण (२०६५ असोज-कात्तिक)[२]**

| कार्यक्रमको नाम | उत्पादक संस्था | प्रसारण गर्ने रेडियोको सङ्ख्या | कार्यक्रमको विषय र ढाँचा | कार्यक्रम सुरु भएको मिति | आर्थिक सहयोग गर्ने संस्था[$] |
|---|---|---|---|---|---|
| हाम्रो नेपाल राम्रो नेपाल | कम्यूनिकेशन कर्नर (उज्यालो ९० नेटवर्क) | २५ | समसामयिक संवाद | २०६४ फागुन ७ | एनएमपी |
| शरणार्थी सन्देश | कम्यूनिकेशन कर्नर (उज्यालो ९० नेटवर्क) | ५ | भुटानी शरणार्थी सम्बन्धी रेडियो पत्रिका | २०६४ पुस २५ | एफओएसआई |

$ कुनै कुनै कार्यक्रमको हकमा कार्यक्रम सुरुभएदेखि यो अध्ययन गरिएको अवधि (२०६५ असोज-कात्तिक) मा अन्य दाताले पनि आर्थिक सहयोग गरेका हुन सक्छन्। यहाँ भने यो अध्ययन गरिएको समयमा जसले सहयोग गरिरहेका छन् तिनको नाम मात्र उल्लेख छ।

---

२ यसमा एफएम नेटवर्क र सम्बन्धित एफएम रेडियोबीचको पूर्वसम्झौता अनुरूप दुईपक्षले योजनावद्ध हिसाबले नेटवर्कका सदस्यहरूबाट प्रसारण गराइने कार्यक्रम मात्र दिइएको छ। उज्यालो ९० नेटवर्क र नेपाल एफएम नेटवर्कका केही कार्यक्रम ती नेटवर्क स्टेसनलाई जानकारीमात्र दिएर वा नदिइकन काठमाडौँबाहिरका कुनै एफएम रेडियोले बजाउने गरेका छन्। तसर्थ, कुन कुन कार्यक्रम कहाँ बज्ने गरेको छ भन्ने कुरा स्वयं नेटवर्क सञ्चालकलाई समेत थाहा हुँदैन। त्यस्ता कार्यक्रमलाई यहाँ समावेश गरिएको छैन। तालिकामा उल्लिखितमध्ये अधिकांश कार्यक्रम रेडियो नेपालको राष्ट्रिय प्रसारणबाट पनि प्रसारण हुन्छन् तर यहाँ रेडियो नेपाललाई जोडिएको छैन।

| कार्यक्रमको नाम | उत्पादक संस्था | प्रसारण गर्ने रेडियोको सङ्ख्या | कार्यक्रमको विषय र ढाँचा | कार्यक्रम सुरु भएको मिति | आर्थिक सहयोग गर्ने संस्था |
|---|---|---|---|---|---|
| श्रम र सिर्जना | कम्यूनिकेशन कर्नर (उज्यालो ९० नेटवर्क) | १६ | श्रमिकको अधिकार सम्बन्धी रेडियो पत्रिका | २०६३ मङ्सिर १५* | जिफन्ट |
| हाम्रो शिक्षा | शिक्षा पत्रकार समूह (शिपस) | १५ | शिक्षासम्बन्धी रेडियो पत्रिका | २०६४ माघ १८ | शिक्षा विभाग |
| सदाचार | अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अदुअआ) | १४ | सुशासनका लागि रेडियो पत्रिका | २०६५ वैशाख १५ | अदुअआ |
| मानवअधिकार शिक्षा | इन्सेक | १२ | मानवअधिकारसम्बन्धी रेडियो पत्रिका | २०५१ माघ ७** | इको र इइडी |
| नयाँ नेपाल | इक्वल एक्सेस नेपाल | ३६ | शान्ति प्रक्रिया र सङ्क्रमणकालको व्यवस्थापनसम्बन्धी रेडियो पत्रिका | २०६३ जेठ | युएसएआइडी |
| देश परदेश | इक्वल एक्सेस नेपाल | ७ | एचआइभी/एड्स तथा सुरक्षित बसाइसराइ सम्बन्धी रेडियो पत्रिका | सन् २००४ | एफएचआई र युएसएआइडी |
| समझदारी | इक्वल एक्सेस नेपाल | १६ | महिला हिंसा र एचआइभी एड्स सम्बन्धी रेडियो पत्रिका | जुलाई २००८ | युनिफेम |
| मिलिजुली सिकौं | इक्वल एक्सेस नेपाल | १६ | प्रारम्भिक बालविकासका लागि अभिभावक केन्द्रित रेडियो पत्रिका | २०६५ असार | युनिसेफ |
| साथीसँग मनका कुरा | इक्वल एक्सेस नेपाल | ३० | युवाका जीवनोपयोगी सीपसम्बन्धी रेडियो पत्रिका | अप्रिल २००१# | युनिसेफ |
| कामका कुरा | इक्वल एक्सेस नेपाल | ३६ | युवा र रोजगारी | २०६४ जेठ | छैन |
| नेपाल चौतारी | एन्टेना फाउण्डेशन नेपाल | ५७ | सङ्क्रमणकालीन मुद्दा सम्बन्धी संवाद कार्यक्रम | २०६३ पुस १७ | नेड (NED) |
| नयाँ बाटो नयाँ पाइला | एन्टेना फाउण्डेशन नेपाल | ५२ | शान्ति स्थापनामा युवाको भूमिका सम्बन्धी रेडियो नाटक | २०६२ साउन १६ | बेल्जियम सरकार र सर्च फर कमन ग्राउण्ड |

* उज्यालो ९० नेटवर्कका कार्यकारी निर्माता सुनिल न्यौपानेका अनुसार यो कार्यक्रम यसअघि एक वर्ष जिफण्ट आफैंले उत्पादन गरेको थियो । पछि उज्यालो समूहले उत्पादनको जिम्मा लिएको हो ।

** यो कार्यक्रम २०५१ माघ ७ मा रेडियो नेपालबाट बज्न सुरु भएको हो । २०६४ साउन १३ देखि उज्यालो ९० नेटवर्कबाट पनि बज्न थालेको थियो ।

# सुरुका केही वर्ष युनिसेफ आफैंले उत्पादन गरेको यो कार्यक्रम अप्रिल २००४ देखिमात्र इक्वल एक्सेसबाट उत्पादन हुन थालेको हो ।

| कार्यक्रमको नाम | उत्पादक संस्था | प्रसारण गर्ने रेडियोको सङ्ख्या | कार्यक्रमको विषय र ढाँचा | कार्यक्रम सुरु भएको मिति | आर्थिक सहयोग गर्ने संस्था |
|---|---|---|---|---|---|
| कर्मयोगीका कथा | एन्टेना फाउण्डेशन नेपाल | १६ | ग्रामिण स्वास्थ्य कार्यकर्ताको जीवनकथा र स्वास्थ्यसेवासम्बन्धी डकुड्रामा | अप्रिल २००८ | निक साइमन्स् इन्स्टिच्यूट |
| उपाय | एन्टेना फाउण्डेशन नेपाल | १६ | ग्रामिण स्वास्थ्य कार्यकर्ताको जीवनकथा र स्वास्थ्यसेवासम्बन्धी रेडियो पत्रिका | अप्रिल २००८ | निक साइमन्स् इन्स्टिच्यूट |
| सुनौं बोलौं | एन्टेना फाउण्डेशन नेपाल | २९ | बाल बालिकासम्बन्धी रेडियो पत्रिका | अगस्त २००८ | युनिसेफ र सर्च फर कमन ग्राउण्ड |
| विधिको शासन | एन्टेना फाउण्डेशन नेपाल र १३ ओटा एफएम रेडियो | ५७ | सुरक्षा क्षेत्रको पुनःसंरचना सम्बन्धी संवाद | २०६५ साउन ११ | सेफर वर्ल्ड, बेलायत |
| अमेरिका यात्रा सँगालो | एन्टेना फाउण्डेशन नेपाल | २० | अमेरिकामा बसेका नेपालीको भोगाइ सम्बन्धी रेडियो पत्रिका | अगस्त २००८ | द एसिया फाउण्डेशन |
| समय समीक्षा | नेपाल एफएम | ३५ | समसामयिक संवाद | २०६१ | छैन |
| संविधान सभा र नेपालको भविष्य | नेपाल एफएम | १८ | संविधान सभाबारे सभासदसँग संवाद | २०६५ कात्तिक १६ | राष्ट्रिय सञ्चार विकास केन्द्र |
| अबको नेपाल | नेपाल एफएम | ४१ | द्वन्द्व व्यवस्थापन सम्बन्धी विशेषज्ञसँग संवाद | २०६५ कात्तिक २४ | हिमाल एसोसिएसन |
| कट्वाल रेडियो पत्रिका | जागरण मिडिया सेन्टर | २२ | दलित अधिकारसम्बन्धी रेडियो पत्रिका | २०५८ भदौ २१ | फिनिस राजदूतावास |
| असल शासन | प्रो पब्लिक | १४ | भ्रष्टाचार विरुद्ध असल शासनका लागि रेडियो पत्रिका | २०५६ भदौ १३ | स्वीस विकास नियोग (एसडीसी) |
| साझा सवाल | बीबीसी वर्ल्ड सर्भिस ट्रष्ट | ६७ | शान्ति प्रक्रियामा केन्द्रित संवाद | २०६४ मङ्सिर २ | युएनडीपी |
| कथा मीठो सारङ्गीको | बीबीसी वर्ल्ड सर्भिस ट्रष्ट | ५५ | शान्ति र पुनर्स्थापनामा केन्द्रित रेडियो नाटक | २०६४ माघ १८ | युएनडीपी |
| आरोग्य | रेडियो सगरमाथा | ६ | स्वास्थ्यसम्बन्धी रेडियो पत्रिका | २०६४ मङ्सिर | इको हिमाल |
| आचार विचार | रेडियो सगरमाथा | ६ | भ्रष्टाचार विरुद्ध सुशासनका लागि रेडियो पत्रिका | २०५६ चैत | छैन |

स्रोत : सम्बन्धित एफएम रेडियो तथा कार्यक्रम उत्पादन गृह ।

### ***को को संलग्न छन् कार्यक्रम उत्पादनमा ?***

अहिले चल्तीमा रहेका नेटवर्कमध्ये उज्यालो ९० नेटवर्क (उज्यालो च्यानल १) र नेपाल एफएम नेटवर्कमार्फत काठमाडौँबाहिर बजिरहेका प्रायः कार्यक्रमहरू सम्बन्धित नेटवर्क सञ्चालक रेडियो स्टेसनबाट नै उत्पादित कार्यक्रम हुन् ।[३] अन्य संस्थाले उत्पादन गर्दै आएका भए पनि *हाम्रो शिक्षा, सदाचार* तथा *मानवअधिकार शिक्षा* उज्यालो ९० नेटवर्कमार्फत नै वितरण हुन्छ । बीबीसी वर्ल्ड सर्भिस ट्रष्टले आफ्ना दुई कार्यक्रम बीबीसी नेपाली सेवाको स्याटेलाइट नेटवर्कमार्फत र त्यस नेटवर्कमा नभएका रेडियोहरूलाई सिडीमार्फत वितरण गरिरहेको छ । रेडियो सगरमाथाले काठमाडौँबाहिरका विभिन्न रेडियोहरूमा टेलिफोन हाइब्रिडबाट आफ्ना कार्यक्रम वितरण गर्दै आएको छ ।[४] शिक्षा तथा विकासमूलक कार्यक्रम उत्पादन गर्दैआएका उत्पादन गृहहरूले पनि विभिन्न माध्यम प्रयोग गरेर रेडियो स्टेसनलाई कार्यक्रम वितरण गरिरहेका छन् । तीमध्ये केहीले ओपन च्यानल (अर्थात् उज्यालो च्यानल २) लाई माध्यम बनाएर कार्यक्रम वितरण गरेका छन् भने केहीले सीडी वा इन्टरनेटको सहायताले केही एफएम रेडियो स्टेसनलाई वितरण गरेका छन् । उज्यालो नेटवर्कमा आवद्ध रेडियोहरूलाई उज्यालो ९० नेटवर्कलगायत अन्य संस्थाका कार्यक्रमसमेत उपलब्ध हुन्छ । त्यसबाहेक उज्यालो च्यानल २ मार्फत आफ्नो कार्यक्रम वितरण नगरेका संस्थाका कार्यक्रम सीडी, इन्टरनेट र टेलिफोनमार्फत वितरण हुन्छन् । यी माध्यम भने प्रसारण गर्ने रेडियोका लागि स्याटेलाइट जस्तो भरपर्दो र प्राविधिक रूपमा गुणस्तरीय हुँदैन । पहिले स्याटेलाइट नेटवर्कमा नहुँदा सबैले प्रायः कुरियर गरेर कार्यक्रमका सिडी टाढा टाढाका रेडियोसम्म वितरण गर्थे । उज्यालोको ओपन च्यानलबाट एन्टेना फाउण्डेशन, इक्वल एक्सेस, प्रो पब्लिक, जागरण मिडिया सेन्टरका कार्यक्रम वितरण हुन्छन् ।

कार्यक्रम उत्पादकहरू दुई किसिमका छन् । एक खालका संस्था इक्वल एक्सेस नेपाल तथा एन्टेना फाउण्डेशन हुन् । यी संस्थाको कार्यक्षेत्र कुनै न कुनै रूपले रेडियो हो । यी संस्थाहरू शिक्षा तथा विकासमूलक रेडियो कार्यक्रम उत्पादनमा संलग्न छन् । २०६५ असोज-कात्तिकको अवधिमा इक्वल एक्सेस

---

३ उज्यालो ९० नेटवर्कको माउ संस्था कम्यूनिकेशन कर्नरकै नाउँबाट विकासमूलक कार्यक्रम उत्पादन हुने गरेका छन् । तसर्थ यहाँ कार्यक्रम उत्पादनको कुरा गर्दा उज्यालो ९० नेटवर्क र कम्यूनिकेशन कर्नर उही सन्दर्भमा प्रयोग भएका छन् ।

४ मार्टिन चौतारीमा २०६५ मङ्सिर ५ मा आयोजित 'सामुदायिक रेडियोको नेटवर्क किन ?' विषयक छलफलमा रेडियो सगरमाथाका स्टेसन म्यानेजर घमराज लुइँटेलद्वारा दिइएको जानकारी ।

नेपालका ६ ओटा तथा एन्टेना फाउण्डेशनका ७ ओटा कार्यक्रम देशका विभिन्न स्थानमा बजेका थिए (हेर्नुहोस् तालिका २.१) । इक्वल एक्सेस नेपालले उज्यालो च्यानल २ का अतिरिक्त वर्ल्डस्पेस स्याटेलाइट च्यानलमार्फत पनि आफ्ना कार्यक्रम वितरण गर्ने गरेको छ । लामो समयदेखि यो प्रविधि प्रयोग गर्दै आएको इक्वल एक्सेसले काठमाडौँलगायत देशका प्रायः एफएम स्टेसनलाई स्याटेलाइट रेडियो वितरण गरेको छ । त्यसबाट प्रसारित इक्वल एक्सेसको कार्यक्रमलाई एफएमहरूले रेकर्ड गरेर प्रसारण गर्छन् । त्यसैले गर्दा ओपन च्यानलको नेटवर्कमा नभएका एफएम रेडियोहरूले पनि आफूसँग स्याटेलाइट रेडियो सेट भएमा इक्वल एक्सेसको कार्यक्रम बजाउन सक्छन् ।



तस्बिर २.१ : इक्वल एक्सेसद्वारा आफ्ना कार्यक्रम प्राप्त गर्नका लागि एफएम रेडियोहरूलाई वितरण गरिने स्याटेलाइट रेडियो (देवराज हुमागाईं) ।

यी दुई संस्था बाहेक अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), जनहित संरक्षण मञ्च (प्रो पब्लिक), शिक्षा पत्रकार समूह, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, जागरण मिडिया सेन्टर, नेपाल ट्रेड युनियन महासङ्घ (जिफण्ट) आदि संस्थाहरू पनि कार्यक्रम उत्पादनमा सक्रिय छन् । यी संस्थाहरूको प्रमुख कार्य रेडियो कार्यक्रम उत्पादन गर्नु होइन । आफ्ना निश्चित मुद्दामा वकालत गर्न खुलेका

संस्थाले आफ्नो प्रमुख गतिविधिलाई थप बल दिन वा रेडियो माध्यमको उपयोग गरेर अघि बढाउन आफैँ रेडियो कार्यक्रम उत्पादन गर्दै आएका छन् । इन्सेक, प्रो पब्लिक, शिक्षा पत्रकार समूह, जागरण मिडिया सेन्टरले आफैँ जनशक्ति तयार पारेर कार्यक्रम उत्पादन गरेका छन् भने अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा जिफन्टले रेडियोलाई नै उत्पादन गर्न दिएका छन् । इन्सेकले मानवअधिकारको क्षेत्रमा काम गर्दै आएको छ । यस संस्थाले २०५१ देखि नै मानवअधिकारबारे चेतनामूलक *मानवअधिकार शिक्षा* रेडियो कार्यक्रम उत्पादन गर्दै आएको छ । त्यस्तै, प्रो-पब्लिकले सुशासनका लागि चेतना अभिवृद्धि गर्न काम गर्छ । यसले पनि २०५६ देखि *असल शासन* नामक कार्यक्रम उत्पादन गर्दै आएको छ । जागरण मिडिया सेन्टरले दलित भेदभावविरुद्ध तथा दलित समुदायको अधिकारका पक्षमा वकालत गर्न *कट्वाल रेडियो पत्रिका;* शिक्षा पत्रकारिताको क्षेत्रमा काम गर्न खुलेको शिक्षा पत्रकार समूहको कार्यक्रम *हाम्रो शिक्षा* आदि पनि नेटवर्कमार्फत बजिरहेका छन् ।

## *कुन कार्यक्रम कहाँ ?*

माथि उल्लेख भएझैँ उज्यालो तथा नेपाल एफएमले आ-आफ्नै छुट्टै नेटवर्क निर्माण गरेका छन् । तिनका आ-आफ्नै सदस्य रेडियो स्टेसन छन् । साथै, यी दुई एफएममा उत्पादन र प्रसारण हुने सम्पूर्ण कार्यक्रम स्याटेलाइटको सहायतामा तिनले आफ्नो नेटवर्क च्यानलमा राखेका छन् । यसको मतलब प्राविधिक हिसाबले ती सबै कार्यक्रम प्रसारण गर्ने सुबिधा आफ्ना नेटवर्कअन्तर्गतका सदस्य रेडियो स्टेसनका लागि तिनले उपलब्ध गराएका छन् । तर एफएम स्टेसनहरूले उज्यालो वा नेपाल एफएमका सबै कार्यक्रम बजाउँदैनन् । साधारणतया ती कार्यक्रम बजाएबापत प्राप्त हुने आर्थिक फाइदा तथा त्यसले उठाएका विषयवस्तुको सान्दर्भिकता र आफ्नो क्षेत्रमा त्यसको लोकप्रियता हेरेर रेडियोहरूले छानिएका कार्यक्रम प्रसारण गर्छन् । उज्यालो तथा नेपाल एफएम नेटवर्कका समाचार तथा समसामयिक विषयका संवादमूलक कार्यक्रममा स्थानीय रेडियोको बढी चासो छ र ती कार्यक्रम निःशुल्क वा केही रकम तिरेर पनि बजाउन एफएम रेडियोहरू तयार छन् ।[५] शिक्षा तथा विकासमूलक कार्यक्रम चाहिँ प्रसारण शुल्क

[५] पहिला-पहिला उज्यालो ९० नेटवर्कको माउ संस्था कम्यूनिकेशन कर्नरले आफूले उत्पादन गर्ने समाचार निश्चित रकम लिएर बाहिरका रेडियोमा बेच्ने गर्दथ्यो । पछि उज्यालो वा नेपाल एफएम नेटवर्क दुवैले स्थानीय रेडियोबाट सीधै रकम लिँदैनन् । उज्यालो ९० नेटवर्कका हकमा नेटवर्क सञ्चालकले तोकेबमोजिम

पाएमात्र बजाउने चलन छ । तसर्थ, दाताले काठमाडौंबाहिर पनि प्रसारण गर्न चाहेका प्रायोजित कार्यक्रम देशका विभिन्न ठाउँका रेडियोले प्रसारण गर्छन् । कतिपय एफएम रेडियोले आफूले उत्पादन गर्न नसकेका निश्चित समुदायप्रति लक्षित र स्थानीय क्षेत्रमा आवश्यक कार्यक्रम प्रसारण शुल्क नलिइकन पनि बजाइरहेका छन् । यसबाट नेटवर्क सञ्चालकहरूलाई फाइदा नै हुन्छ, किनकि उनीहरूको श्रोता बढ्छन् । त्यसैले जुन रेडियोले बजाए पनि उनीहरू त्यसबारे सरोकार राख्दैनन् । यसबारे अनुगमन गर्ने व्यवस्थित संयन्त्र पनि नेटवर्क सञ्चालकहरूसँग छैन । तसर्थ, यस्ता कार्यक्रम कतिओटा रेडियोमा बजिरहेका छन् भन्न कठिन छ । त्यसैले तालिका २.१ मा उज्यालो र नेपाल एफएम नेटवर्कअन्तर्गतका धेरै कार्यक्रममध्ये नेटवर्क सञ्चालक र स्थानीय एफएम रेडियोबीच व्यवस्थितरूपले सम्झौता गरेर प्रसारित कार्यक्रमहरूमात्र दिइएका छन् । समाचारमूलक कार्यक्रमबारे भने अध्याय ३ मा विस्तृत चर्चा गरिएको छ ।

उज्यालो ९० नेटवर्कका कार्यकारी निर्माता सुनिल न्यौपानेका अनुसार सो नेटवर्कका कार्यक्रमहरू सदस्य रेडियोहरूले तीन किसिमले प्राप्त गर्छन् । समाचारमूलक कार्यक्रम *कायाकैरन* र *नेपाल दर्पण* सामान्यतया: निश्चित प्रसारण क्षेत्रमा एउटा रेडियोलाई मात्र बजाउन दिने प्रावधान छ । तसर्थ उज्यालो ९० नेटवर्कमा आवद्ध सबै रेडियोले यी कार्यक्रम प्रसारण गर्न पाउँदैनन् । २०६५ असोज-कात्तिकको अवधिमा हेर्दा देशभरका ४७ ओटा रेडियोले यी दुई ओटा कार्यक्रम प्रसारण गर्छन् । समाचारमूलक कार्यक्रम *नेपाल खबर* तथा संवादमूलक कार्यक्रम *हाम्रो नेपाल राम्रो नेपाल* नेटवर्कमा आवद्ध सबै एफएम रेडियोहरूले बजाउन सक्ने प्रावधान छ । *नेपाल खबर* ५१ ओटा रेडियो स्टेसनले बजाइरहेका छन् भने *हाम्रो नेपाल राम्रो नेपाल* २५ ओटा रेडियोमा बज्छ । तेस्रो थरी कार्यक्रममा कुनै संस्था वा दातृ निकायको सहयोग लिएर उत्पादित कार्यक्रम पर्दछन् । यस्ता कार्यक्रम कसले बजाउने भन्ने कुरा सम्बन्धित दातृ संस्थाले नै निर्धारण गर्छन् । उदाहरणका लागि उज्यालो ९० नेटवर्कले उत्पादन गर्दै आएको *श्रम र सिर्जना* तथा *शरणार्थी सन्देश* जस्ता कार्यक्रमलाई लिन सकिन्छ । जिफन्टको *श्रम र सिर्जना* कार्यक्रम मजदुरलाई लक्षित गरिएकाले

---

आफ्नो रेडियोबाट उनीहरूले पठाएका व्यापारिक विज्ञापन नि:शुल्क रूपमा प्रसारण गर्नुपर्ने प्रावधान राखिएको छ । नेपाल एफएमले भने हालसम्म समाचारबापतको रकम लिएको छैन तर यसले उत्पादन गरेका लोक कल्याणकारी विज्ञापन स्थानीय रेडियोले नि:शुल्क बजाउँछन्, जुन विज्ञापन नेपाल एफएमको आफ्नै लगानीमा तयार पारिएको हुन्छ । यसबारे थप जानकारी अध्याय ४ मा उल्लेख छ ।

औद्योगिक वा श्रम क्षेत्रमा स्थापित एफएम रेडियोहरूलाई प्रदान गरिन्छ । यो कार्यक्रम १६ ओटा रेडियोमा बज्छ । त्यस्तै, *शरणार्थी सन्देश* कार्यक्रमले नेपालको पूर्वी भेगमा बसोबास गर्दै आएका भुटानी शरणार्थीबारे सरोकार राख्ने हुनाले यो कार्यक्रम झापा र मोरङलाई प्रसारण क्षेत्र बनाएका चारओटा तथा काठमाडौँको एउटा एफएम रेडियोमार्फत प्रसारण गरिन्छ । दातृसंस्थाको सहयोगमा उत्पादित यस्ता कार्यक्रम बजाएबापत एफएम रेडियोहरूलाई सम्बन्धित संस्थाले प्रसारण शुल्क पनि तिर्छन् ।[६] माथि उल्लेख गरिएझैँ उज्यालो ९० नेटवर्क आफैँले उत्पादन गरेका कार्यक्रममध्ये उल्लिखितबाहेक अन्य कार्यक्रमहरू पनि कतिपय रेडियोले बजाएका हुन सक्छन् । *सर्जकसँग भलाकुसारी, श्रुति संवेग* तथा *तपाईंको गजल मेरो गीत* जस्ता साहित्यिक कार्यक्रम नेटवर्कका केही रेडियो स्टेसनले बजाएको कुरा सुनिल न्यौपानेले बताएका छन् ।

२०६५ असोज र कात्तिकमा नेपाल एफएम नेटवर्कका रेडियो स्टेसनहरूले बजाउने कार्यक्रमहरूमा समाचारमूलक कार्यक्रम *नेपाल डायरी, नेपाल समाचार* तथा *नेपाल सेरोफेरो* छन् । त्यस्तै समसामयिक विषयको संवादमूलक कार्यक्रम *समय समीक्षा, अबको नेपाल* तथा *संविधान सभा र नेपालको भविष्य* पनि तिनले बजाउँछन् । *नेपाल डायरी*लगायत नेपाल एफएमका समाचार र *अबको नेपाल* त्यस नेटवर्कभित्रका ४१ ओटै रेडियोले बजाउने गरेका छन् । *समय समीक्षा* ३५ ओटा रेडियोबाट र *संविधान सभा र नेपालको भविष्य* १८ ओटा रेडियोबाट प्रसारण हुन्छन् । नेपाल एफएमबाट उत्पादित अन्य कार्यक्रम पनि नेटवर्कका सदस्य रेडियोले प्रसारण गर्ने गरेका छन् । तिनमा महिला, पिछडिएका जातजाति, भाषाभाषी तथा क्षेत्रलाई लक्षित गरिएका कार्यक्रम छन् । उदाहरणका लागि महिलासम्बन्धी कार्यक्रम *बेलाको बोली;* जनजाति, मधेसी, दलित, पछाडि पारिएका भौगोलिक क्षेत्र, अपाङ्गता तथा लैङ्गिक समानताको विषयवस्तु समेट्ने कार्यक्रम *आवाज;* भोजपुरी भाषी श्रोतालाई लक्षित कार्यक्रम *भोजपुरी आवाज* आदि नेटवर्कअन्तर्गतका केही रेडियोबाट प्रसारण हुने कार्यक्रम हुन् । नेपाल एफएमका कार्यक्रम संयोजक बद्री गौतमका अनुसार अध्यात्म र जीवन दर्शनसम्बन्धी कार्यक्रम *जागरण,* बाल कार्यक्रम *कोपिला,* स्वास्थ्यसम्बन्धी कार्यक्रम *स्वास्थ्य,* साहित्यिक कार्यक्रम *पारिजात काव्य यात्रा* तथा *साहित्य सुधा* पनि नेटवर्कअन्तर्गतका रेडियोले बजाउने गरेका छन् ।[७] तर व्यवस्थित अनुगमन र अभिलेखको अभावमा कुन कुन कार्यक्रम

---

६ सुनिल न्यौपानेसँग २०६५ कात्तिक २६ मा गरिएको कुराकानी ।

७ बद्री गौतमसँग २०६५ असोज १२ र २०६५ कात्तिक २८ मा गरिएको कुराकानी ।

कतिओटा रेडियोमा बजिरहेका छन् भन्ने तथ्याङ्क पाउन भने यहाँ पनि कठिन छ। उज्यालो तथा नेपाल एफएम दुवैसँग कुन कार्यक्रम बजाउन दिने, दिए कस्तो मापदण्डका आधारमा दिने भन्नेसम्बन्धमा स्पष्ट नीति, आधार र कसले कुन बजाएका छन् भनी हेर्ने प्रक्रिया नहुँदा नेटवर्कका सदस्य रेडियोले पनि आफूलाई मन लागेका कार्यक्रम मन लागेको समयमा बजाइरहेका छन्।

कार्यक्रम उत्पादन गृहहरूका हकमा भने कार्यक्रम कुन कुन रेडियोबाट बजाउने, लक्षित श्रोता को हुन् र प्रसारण क्षेत्र कुन हो भन्ने कुरा पहिले नै निर्धारण हुन्छ। किनकि यस्ता कार्यक्रम दाताको सहयोगमा उत्पादन हुन्छन् र प्रसारण गर्ने एफएम रेडियोलाई यसबापत प्रायः शुल्क तिरिन्छ। त्यसो हुनाले कुन कुन स्थानमा त्यो कार्यक्रम पुऱ्याउने भनी पहिल्यै निर्धारण गरेर एफएम रेडियो छनोट गरिन्छन्। तर रेडियोलाई दिइने रकम निश्चित अङ्कका लागि मात्र आएको हुन्छ र प्रसारण शुल्क भने तोकिएको रेडियोले मात्र पाउने गर्छन्। श्रोताले कतिपय कार्यक्रमको धेरै माग गरेपछि कतिपय कार्यक्रम एफएम रेडियोहरूले निःशुल्क पनि प्रसारण गर्ने गरेका छन्। तसर्थ कुनै पनि कार्यक्रम बजाएबापत सबै रेडियोले प्रसारण शुल्क पाएका हुन्छन् नै भन्ने हुँदैन। कुनै रेडियो कार्यक्रम सबै क्षेत्रका श्रोताका लागि लक्षित गरिएको हुन्छ। त्यस्ता कार्यक्रम बढीभन्दा बढी रेडियोबाट प्रसारण हुने गरेका छन्। उदाहरणका लागि इक्वल एक्सेस नेपालका *नयाँ नेपाल, साथीसँग मनका कुरा, कामका कुरा* जस्ता कार्यक्रम क्रमशः ३६, ३० तथा ३६ ओटा एफएम रेडियोबाट प्रसारण हुन्छन्। यो सङ्ख्या इक्वल एक्सेस र रेडियोबीच लिखित सम्झौता भएर प्रसारण गरेका रेडियोको मात्र हो। *नयाँ नेपाल* तथा *साथीसँग मनका कुरा* निःशुल्क रूपमा तथा सामान्य मौखिक अनुमति लिएर मात्र बजाउने रेडियोहरू पनि धेरै सङ्ख्यामा छन्। तिनलाई समेत जोड्दा ५० ओटा जति रेडियोले यी दुई कार्यक्रम प्रसारण गर्दछन्। *देश परदेश* र *समझदारी* कार्यक्रम भने क्रमशः ७ र १६ ओटा रेडियोमा प्रसारण हुने गरेका छन्। *देश परदेश* एचआइभी र एड्स तथा सुरक्षित बसाइँसराइबारे चेतना जगाउन उत्पादित कार्यक्रम हो। यसले मध्य र सुदूर पश्चिमका दाङ, बाँके, वर्दिया, सुर्खेत, डोटी, अछाम, कैलाली र कञ्चनपुर जिल्लाका श्रोतालाई लक्षित गरेको छ। त्यसैले यो कार्यक्रम प्रसारण गर्नका लागि ती ठाउँका एफएम रेडियोलाई छनोट गरिएको छ। अरू ठाउँका रेडियोले यो कार्यक्रम प्रसारण गर्दैनन्। रेडियो नेपालबाट पनि यो कार्यक्रम प्रसारण हुने गरेकाले देशभरका श्रोतासम्म पनि यो कार्यक्रम पुग्ने गरेको छ। मध्य र सुदूर पश्चिमका नागरिक कामका लागि भारत जाने र त्यसरी जानेहरू एचआइभी एड्सको संक्रमणको बढी जोखिममा रहने भएका कारण प्रमुख लक्षित क्षेत्र यी

जिल्लालाई बनाइएको हो । *समझदारी* महिला हिंसा र एचआइभीको अन्तर्सम्बन्ध केलाउने कार्यक्रम हो । यसले डडेल्धुरा, दाङ, सुर्खेत, महोत्तरी, मकवानपुर र सिन्धुपाल्चोकलाई लक्षित क्षेत्र बनाएको छ ।[८]

एन्टेना फाउण्डेशनका कार्यक्रम पनि कुनै निश्चित क्षेत्रका श्रोतालाई मात्र केन्द्रित गरिएका हुन्छन् भने कुनै सबैलाई उत्तिकै मात्रामा उपयोगी हुने प्रकृतिका छन् । यसले उत्पादन गर्दै आएको *नेपाल चौतारी* तथा *नयाँ बाटो नयाँ पाइला* सबैभन्दा धेरै एफएम रेडियोमा बज्छन् । यी दुवै कार्यक्रम नेपालको सङ्क्रमणकालीन अवस्था तथा त्यसको व्यवस्थापनमा केन्द्रित रहेका कारण सकेसम्म बढी क्षेत्रसम्म पुऱ्याउने चाहना दाता र उत्पादक दुवैले गरेका छन् । *नेपाल चौतारी* प्रसारण गरेबापत प्रसारण शुल्कको व्यवस्था नभएका बेला उक्त कार्यक्रम प्रसारण गर्ने एफएम रेडियोलाई प्रसारण शुल्कको व्यवस्था भएको अर्को कार्यक्रम *नयाँ बाटो नयाँ पाइला* दिएर एक किसिमको सोधभर्ना गरिएको कुरा एन्टेना फाउण्डेशनका कार्यकारी निर्देशक मधु आचार्यले बताए ।[९] *कर्मयोगीका कथा, सुनौँ बोलौँ, विधिको शासन* र *अमेरिका यात्रा सँगालो*मा भने लक्षित क्षेत्र निर्धारण गरेर एफएम स्टेसनको सङ्ख्या पनि सीमित गरिएको छ । उदाहरणका लागि *अमेरिका यात्रा सँगालो*ले सहरी क्षेत्रका श्रोतालाई लक्षित गरेको छ । अमेरिकामा गई बसोबास गर्नेहरूमा प्रायः सहरी क्षेत्रका युवाहरू रहेका हुनाले उक्त कार्यक्रम ग्रामीण क्षेत्रका श्रोताका लागि भन्दा सहरका श्रोतासम्म पुऱ्याउने उद्देश्यले त्यहाँका एफएम रेडियोहरू छानिएको मधु आचार्यको भनाइ छ । हुन त कुनै पनि कार्यक्रम कुनै पनि ठाउँमा उपयुक्त हुँदैन भन्ने होइन तर दाताले कति रेडियोका लागि प्रसारण शुल्क उपलब्ध गराउँछ भन्ने कुराले पनि कार्यक्रम प्रसारण गर्ने एफएम रेडियोको सङ्ख्यालाई सीमित गराउन भूमिका खेलेको हुन्छ ।

## नेटवर्कअन्तर्गत बज्ने कार्यक्रमका विषय

काठमाडौंमा उत्पादन भएर नेटवर्कमार्फत बाहिरका रेडियोहरूमा प्रसारण हुने कार्यक्रम दुई किसिमका छन्- समाचारमूलक र शिक्षा तथा विकासमूलक । नेटवर्क सञ्चालकहरूको मुख्य ध्यान समाचारमा केन्द्रित हुने गरेका कारण उज्यालो ९० नेटवर्क तथा नेपाल एफएमका नेटवर्कअन्तर्गत बज्ने प्रायः कार्यक्रम

---

८ *देश परदेश* र *समझदारी* कार्यक्रम उत्पादनमा संलग्न पत्रकार जया लुइँटेलसँग २०६५ असोज १३ गते गरिएको कुराकानीमा आधारित ।

९ मधु आचार्यसँग २०६५ असोज १५ मा गरिएको कुराकानी ।

समाचारमूलक नै हुने गर्दछन् ।[१०] त्यसबाहेक शिक्षा तथा विकासमूलक कार्यक्रम प्रायः कुनै न कुनै विकासे एजेण्डा वा निश्चित विषयको वकालत गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सहयोगबाट सञ्चालन भइरहेका छन् । तसर्थ, त्यस्ता संस्थाको प्रमुख चासो तथा उनीहरूको कार्यक्षेत्रलाई सम्बोधन गर्ने किसिमका विषय नै नेटवर्कअन्तर्गत बज्ने कार्यक्रममा प्रतिविम्बित हुने गरेका छन् । अहिले राज्यको पुनर्संरचना, सङ्घीयता, सामाजिक रूपान्तरण आदि बहसका प्रमुख विषय भएका छन् । तसर्थ, रेडियो कार्यक्रमहरू पनि प्रायः यिनै मुद्दामा केन्द्रित छन् । साथै, लामो समयदेखि महिला, दलित, जनजाति, बालबालिका एचआइभी/एड्सका क्षेत्रमा काम गर्दै आएका संस्थाहरूले त्यसै अनुरूपका कार्यक्रम उत्पादनमा सहयोग गर्दै आएका छन् । कार्यक्रमको विषयबारे चर्चा गर्न यस खण्डलाई निम्न उप-शीर्षकमा बाँडिएको छ :

### *द्वन्द्व व्यवस्थापन, शान्ति प्रक्रिया तथा सङ्क्रमणकालीन व्यवस्थापन*

केही विषयलाई हरेक कार्यक्रम उत्पादकले चासो दिएका छन् । ती हुन्-द्वन्द्वको कारण, द्वन्द्वको शान्तिपूर्ण रूपान्तरण र सङ्क्रमणकाल । समाजका विभिन्न तहमा हुने गरेका आर्थिक तथा सामाजिक विभेद, अन्तरजातीय कलह, स्थानीय क्षेत्रमा राज्यको उपस्थिति र उसले खेल्ने भूमिका आदि विषयलाई वर्तमान घटनाक्रमसँग जोडेर कार्यक्रम तयार गर्ने गरेका छन् । हाल आएर कार्यक्रमहरू संविधान सभाका विषयमा केन्द्रित छन् । एन्टेना फाउण्डेशन नेपालले उत्पादन गर्दै आएको *नेपाल चौतारी* कार्यक्रमको उद्देश्य समसामयिक सङ्क्रमणकालीन अवस्थाका बारेमा स्थानीय तहका सर्वसाधारण जनतादेखि नागरिक समाज, राजनीतिक नेता वा विचारक, नीति निर्माताबीच संवाद गराउनु र त्यस विषयमा विश्लेषण गर्नु हो । नेकपा माओवादी शान्तिपूर्ण राजनीतिमा प्रवेश गरेपश्चात २०६३ पुस १७ देखि प्रसारण भएको यो कार्यक्रमको पहिलो शृङ्खलामा राजनीतिक सङ्क्रमणको समयमा नेपालका राजनीतिक दलको भूमिकाबारे बहस चलाइएको थियो । लगत्तै २०६३ माघमा मधेसमा आन्दोलन चर्केपछि त्यसको कारण खोज्न, तथा समाधानका लागि भएका पहलहरूबारे बहस र विश्लेषण गर्न हरेक दिनका कार्यक्रम केन्द्रित थिए । त्यसक्रममा मधेसमा देखा परेका समस्याको प्रकृति कस्तो हो ? यसको सामाजिक प्रभाव के हुन सक्दछ ? यो समस्यालाई कसरी हल गर्न सकिन्छ ? समस्याको समाधानका लागि राज्य र यसका निकायहरू के गर्दैछन् ?

---

[१०] यी समाचारमूलक कार्यक्रमबारे विस्तृत चर्चा अध्याय ३ मा छ ।

जस्ता प्रश्नमा त्यस आन्दोलनमा संलग्न पक्षदेखि समाजशास्त्री, राज्य पक्षका प्रतिनिधि, राजनीतिक दलका नेता र श्रोताबीच बहस चलाइएको थियो । आन्दोलनले चर्को रूप धारण गरेको समयभन्दा धेरै पछिसम्म मधेसको मुद्दाले यस कार्यक्रममा स्थान पाएको थियो । २०६३ माघ र त्यसपछि मधेसी, जनजाति तथा दलितले चलाएका आन्दोलन तथा उनीहरूका मुद्दा र त्यसले केन्द्रीय राजनीतिमा पारेका प्रभावहरूबारे पनि यस कार्यक्रममा प्रशस्तै बहस भएका छन् । २०६४ चैतमा संविधान सभाको चुनाव भएपछि यस कार्यक्रमले सेना समायोजन, सङ्घीयता, राज्यको पुनर्संरचना, आदिवासी जनजाति, महिला, मधेसी, दलितलगायत पछाडि पारिएका समुदायको अधिकारको सुनिश्चितता र उनीहरूको सशक्तीकरण जस्ता विषयमा संविधान सभाको भूमिकाका बारेमा कुरा उठाएको छ ।[११]

एन्टेना फाउण्डेशनकै अर्को कार्यक्रम *नयाँ बाटो नयाँ पाइला*मा द्वन्द्वका कारण पहिल्याउने तथा द्वन्द्वले स्थानीय जनजीवनमा पारेका वा पार्न सक्ने असरलाई कम गर्न युवाले खेल्न सक्ने भूमिका र तरिकाबारेमा सचेत गराइन्छ । तीन वर्षदेखि प्रसारित यो नाटक शृङ्खला रोल्पाको एक गाउँ (काल्पनिक नाम 'बाङ्गेपिपल') का युवाहरूको कथामा आधारित छ । विभिन्न साँस्कृतिक तथा जातीय पृष्ठभूमिका युवाहरू–जो माओवादी सशस्त्र द्वन्द्वको सबैभन्दा बढी मारमा परेका छन् र आफ्नो समुदायमा शान्ति प्रवर्द्धनमा लागि परेका छन्–लाई नाटकको कथाले समेटेको छ । यस नाटकले सबै तह र तप्कामा हुने शान्ति स्थापनाका गतिविधिहरूमा युवाहरूको संलग्नता महत्त्वपूर्ण हुन्छ भन्ने सन्देश दिन खोजेको छ । नाटकका सुरुका अङ्कमा राज्य-माओवादी द्वन्द्वको भूमरीमा परेका पीडितहरूको कथा तथा गाउँको अवस्था देखाइएको छ । पछिल्ला भागमा गाउँमा शान्ति स्थापनाका प्रयासहरू के कसरी भइरहेका छन्, गाउँमा हुने सानातिना देखि ठूल्ठूला विवाद र समस्याहरू समझदारी र मेलमिलापबाट कसरी सुल्झाइन्छन् भन्ने देखाइएको छ । साथै, माओवादी कार्यकर्ता तथा लडाकुहरू समाजमा पुनर्स्थापना भइहेका तथा उनीहरूलाई पुनर्स्थापना गराउन समाजका अन्य युवाहरूले भूमिका खेलेका सन्दर्भ पनि नाटकले देखाएको छ । समग्रमा यस कार्यक्रमले स्थानीय तथा राष्ट्रियस्तरमा शान्ति स्थापना तथा द्वन्द्व रूपान्तरणमा युवाहरूको प्रत्यक्ष सहभागितालाई जोड दिएको छ ।[१२]

---

[११] एन्टेना फाउण्डेशन नेपालको कार्यक्रमसम्बन्धी अभिलेखमा आधारित ।

[१२] एन्टेना फाउण्डेशन नेपालले उपलब्ध गराएको *नयाँ बाटो नयाँ पाइला*को डिभीडीमा आधारित । उक्त डिभीडीमा कार्यक्रमको परिचयदेखि स्क्रीप्ट तथा श्रव्य सामग्री पनि समेटिएको छ ।




तस्बिर २.२ : नाटक शृङ्खला *नयाँ बाटो नयाँ पाइला*मा पुष्पाको भूमिकामा रुपकमल क्षेत्री (बायाँ) र प्रकाशको भूमिकामा प्रवेश के.सी. (स्रोत : एन्टेना फाउण्डेशन नेपाल) ।

इक्वल एक्सेस नेपालको *नयाँ नेपाल* कार्यक्रम द्वन्द्व व्यवस्थापन तथा दीगो शान्ति स्थापनामा आधारित कार्यक्रम हो । यस कार्यक्रममा शान्ति स्थापनामा युवा र महिलाको भूमिकामाथि जोड दिइएको छ। दीगो शान्ति स्थापनाका सन्दर्भमा देशमा विभिन्न तहमा भइरहेका छलफल तथा बहसबारे मानिसलाई जानकारी गराउने र उनीहरूलाई पनि यस्ता छलफलमा सरिक हुन प्रेरित गर्ने उद्देश्य यो कार्यक्रमले लिएको छ । यसै क्रममा द्वन्द्वका आधारभूत कारण खोज्ने र दीगो शान्ति स्थापनाको उपाय खोज्ने क्रममा देशमा भइरहेका संविधान सभाको चुनाव र संविधान निर्माणलगायत शान्ति प्रक्रियासम्बन्धी गतिविधिबारे जानकारी गराउने खालका सामग्री यस कार्यक्रममा प्रसारण हुन्छ ।[१३]

उज्यालो ९० नेटवर्कबाट उत्पादित कार्यक्रम *हाम्रो नेपाल राम्रो नेपाल* पनि नेपालको सङ्क्रमणकालीन स्थितिलाई सम्बोधन गर्ने कार्यक्रम हो । यो कार्यक्रम २०६४ फागुन ७ मा सुरु भएको हो । यसमा सर्वसाधारण नागरिक र नीति

[१३] इक्वल एक्सेस नेपालको ब्रोसियर, *नयाँ नेपाल* कार्यक्रमको विभिन्न श्रव्य रेकर्ड तथा यस कार्यक्रमबारेको जानकारी पत्रमा आधारित ।

निर्माण तहका व्यक्तिबीच छलफल र बहस गराइन्छ। यस क्रममा नेपालको सामाजिक संरचना, मानवअधिकार, जीविकोपार्जन तथा समसामयिक राजनीतिक विषयवस्तुहरूलाई नेपालको सङ्क्रमणकालीन अवस्थासँग जोड्ने गरिन्छ।[१४]

नेपाल एफएमबाट २०६५ कात्तिकमा सुरु भएका *संविधान सभा र नेपालको भविष्य* तथा *अबको नेपाल* कार्यक्रम पनि नेपालको शान्ति प्रक्रिया तथा सङ्क्रमणकालको व्यवस्थापनमा केन्द्रित छन्। दुईमध्ये पहिलो कार्यक्रम संविधान निर्माणलगायत समग्र शान्ति प्रक्रिया र सभासद्को भूमिकाबारे संविधान सभाका सभासद्हरूसँग कुराकानी गर्ने उद्देश्यले सुरु गरिएको हो। अर्को कार्यक्रम *अबको नेपाल* पनि संविधान निर्माणमा केन्द्रित छ। यो कार्यक्रमले संविधान निर्माण प्रक्रियामा नागरिकको चासो के हुनु पर्दछ भन्ने कुरालाई बढी जोड दिएको छ।[१५]

बीबीसी वर्ल्ड सर्भिस ट्रष्टको *साझा सवाल* र *कथा मीठो सारङ्गीको*ले समेट्ने विषयवस्तु पनि समग्रमा नेपालको शान्ति प्रक्रिया र सङ्क्रमणकालको व्यवस्थापनमा केन्द्रित छन्। *साझा सवाल*मा विभिन्न विशेषज्ञ, राजनीतिक दलका नेता वा नीति निर्माता र नागरिकबीच प्रत्यक्ष बहसको माध्यमबाट शान्ति प्रक्रियासम्बन्धी मुद्दा उठाइन्छ भने *कथा मीठो सारङ्गीको*मा त्यस्ता मुद्दा उठाउन रेडियो नाटकलाई माध्यम बनाइएको छ। दुवै कार्यक्रम विभिन्न क्षेत्र, जाति, लिङ्ग, धर्म र सम्प्रदायमाथि हुने गरेका विभेद र तिनका समस्या पहिल्याउन, तिनलाई वर्तमान शान्ति प्रक्रियामा सम्बोधन गर्न तथा नयाँ संविधान निर्माणमा उनीहरूसहित समग्र नागरिकको भूमिका बढाउने विषयमा केन्द्रित छन्।[१६]

## *युवा समस्या, रोजगारी र जीविकोपार्जन*

एफएम रेडियोमा नेटवर्कअन्तर्गत बज्ने कार्यक्रमहरूमा युवाका समस्या, रोजगारी र जीविकोपार्जनको सवालमा निर्माण भएका कार्यक्रमको सङ्ख्या पनि उल्लेख्य

---

[१४] कार्यक्रम *हाम्रो नेपाल राम्रो नेपाल*को नमूनाका रूपमा प्राप्त केही श्रव्य रेकर्ड तथा उज्यालो ९० नेटवर्कको वेव साइट www.unn.org.np मा उपलब्ध जानकारीमा आधारित।

[१५] नेपाल एफएमका कार्यक्रम संयोजक बद्री गौतमसँग २०६५ कात्तिक २८ मा गरिएको कुराकानी तथा रेडियोमा प्रसारित कार्यक्रम सुनेका आधारमा।

[१६] बीबीसीको वेवसाइट http://www.bbc.co.uk/worldservice/trust/whatwedo/where/asia/nepal मा उपलब्ध जानकारी तथा *कथा मीठो सारङ्गी*को कार्यक्रमका परिकल्पनाकार र निर्देशक केदार शर्मासँग २०६५ माघ १३ र *साझा सवाल*का वरिष्ठ निर्माता नारायण श्रेष्ठसँग २०६५ माघ १४ मा गरिएको कुराकानीमा आधारित।

छन् । यी कार्यक्रमले युवा वर्गका शिक्षा, स्वास्थ्य, रोजगारी तथा जीवनयापनका विषयवस्तु उठाएका हुन्छन् । यिनले विभिन्न शारीरिक तथा मानसिक समस्या अनि गरिबी, बेरोजगारीबाट पिल्सिइरहेका नेपाली युवा वर्गका भोगाइ तथा समस्याका बारेमा विचार आदानप्रदान गराउने र उनीहरूलाई मनोरञ्जनका साथमा शिक्षा तथा परामर्श दिने काम गर्दै आएका छन् । देशभरका युवामाझ निकै चर्चा पाएको *साथीसँग मनका कुरा* त्यसमध्येको एउटा कार्यक्रम हो । २०५८ वैशाख १ मा युनिसेफले सुरु गरेको यो कार्यक्रम २०६१ सालदेखि इक्वल एक्सेस नेपालले उत्पादन गर्न थाल्यो । यो साप्ताहिक कार्यक्रम युवाहरूको स्वास्थ्य तथा मनोसामाजिक समस्यामा केन्द्रित छ । यो कार्यक्रम "मानिसको वास्तविक जीवनमा आइपर्ने मनो-सामाजिक समस्याहरूको समाधानमा सहयोग पुऱ्याउने सीपहरूमा आधारित कार्यक्रम हो, जसलाई जीवन उपयोगी सीपहरू भनिन्छ" (नेपाल र जोशी २०६१ : २७५) । चिठी तथा इमेलमार्फत श्रोताहरूको अधिकतम् सहभागिता हुने यस कार्यक्रममा श्रोताहरूले आफ्ना शारीरिक, मनोवैज्ञानिक, शैक्षिक, सामाजिक, पक्ष जस्तै : एचआइभी/एड्स, सरुवा तथा यौन रोग र यौनसम्बन्धी समस्या, परिवार नियोजनका साधन, प्रेम सम्बन्ध, साथीसँगको सम्बन्ध र व्यवहार, हिनताबोध, कानुनी समस्या, वैवाहिक समस्या र बहुविवाह, अध्ययन, वृत्तिविकास, सीपमूलक तालिम आदि विभिन्न समस्या, जिज्ञासा र भोगाइबारे लेखेर पठाउँछन् । श्रोताका ती चिठी पत्र र विषयवस्तुमाथि अनुसन्धान गरी कार्यक्रम सञ्चालक समूहले कार्यक्रम तयार गरी प्रसारण गर्छन् । कार्यक्रममा श्रोताका भोगाइ पढिन्छन्, श्रोताले राखेको जिज्ञासा मेट्न विशेषज्ञको जवाफ प्रस्तुत गरिन्छन् र विभिन्न किसिमका मनोवैज्ञानिक वा सामाजिक समस्याहरूको वर्गीकरण गरी त्यसलाई सम्बोधन गर्दै परामर्श दिने काम गरिन्छ ।[१७]

*साथीसँग मनका कुरा* कार्यक्रमको लोकप्रियतालाई हेरेर इक्वल एक्सेसले लगभग त्यस्तै ढाँचाको अर्को युवा लक्षित कार्यक्रम *कामका कुरा* पनि प्रसारण गर्न थालेको छ । युवा पुस्ताले भोगिरहेको बेरोजगारीको समस्यालाई मध्यनजर गरेर यो

---

[१७] कार्यक्रम *साथीसँग मनका कुरा* सुरुभएको पृष्ठभूमि तथा यसले लिएको उद्देश्यबारेको जानकारीका लागि नेपाल र जोशी (२०६१) हेर्नुहोस् । यो कार्यक्रमको लोकप्रियतालाई लिएर अमेरिकी समाचार संस्था सीएनएनको अनलाईन संस्करणमा एउटा लेख पनि छापिएको छ, जसमा यसलाई अन्य देशमा पनि युवाका विभिन्न सवालसम्बन्धी शिक्षा प्रदान गर्न नमूनाका रूपमा लिन थालिएको समेत उल्लेख छ (हेर्नुहोस् रोलिन्सन् सन् २००७) । कार्यक्रमले सुरुमा लिएको उद्देश्य र ढाँचा हालसम्म पछ्याउँदै आएको कार्यक्रम उत्पादन समूहकी सङ्गीता बुढाथोकीको भनाइ छ । बुढाथोकीसँग २०६५ कात्तिक २७ को कुराकानी गरिएको थियो ।

कार्यक्रम सुरु गरिएको हो। यसले युवा पुस्तालाई रोजगारी र कामका विभिन्न अवसरबारे जानकारी गराई सहयोग गर्ने उद्देश्य राखेको छ। जीविकोपार्जनसम्बन्धी युवाहरूको चासो र जिज्ञासाहरूलाई पनि यसले समेटको छ। यसअन्तर्गत कुन विषय कहाँ अध्ययन गर्न पाइन्छ ? कस्ता किसिमको तालिमका अवसरहरू कहाँ र कसरी उपलब्ध छन् ? आफूले लिएको तालिम वा सीपको उपयोग कसरी गर्न सकिन्छ ? आफ्ना वरिपरि उपलब्ध स्रोत र साधनको पहिचान कसरी गर्ने ? तीबाट कसरी अर्थोपार्जन गर्ने ? जस्ता प्रश्नको जबाफ यस कार्यक्रममा दिइन्छ। यस कार्यक्रमको हरेक अङ्कमा एउटा कामलाई केन्द्रित गरेर त्यस बारेमा जानकारी दिने गरिन्छ। उदाहरणका लागि एउटा अङ्कमा अटो मेकानिकबारे जानकारी समेटिएको छ भने त्यो पेशा कस्तो हो ? त्यसको पढाइ वा तालिम कहाँ कहाँ उपलब्ध छ ? पढाइ वा तालिम पूरा भएपछि रोजगारीको सम्भावना कस्तो छ ? त्यसका लागि के के गर्नुपर्छ ? आदि सबै पक्ष समेटेर कार्यक्रम तयार पारिन्छ।

एन्टेना फाउण्डेशनले उत्पादन गरेको कार्यक्रम *अमेरिका यात्रा सँगालो* एक किसिमले सहरी युवा लक्षित कार्यक्रम हो। नेपाली युवाहरू अध्ययन तथा कामको सिलसिलामा अमेरिका गइरहेका छन्। अध्ययन तथा रोजगारको अवसर खोज्ने नेपालीका लागि अमेरिका स्वर्ग बनेको छ। अमेरिकामा अध्ययन र कामको अवसर कस्तो छ ? त्यहाँ प्रजातान्त्रिक अभ्यास कसरी भइरहेको छ ? के कस्ता कानून छन् र त्यसको पालना कसरी हुने गरेको छ ? व्यावसायिक वातावरण कस्तो छ ? नागरिक तथा आप्रवासीहरूलाई सरकारले दिने सेवा सुबिधा कस्तो छ ? त्यहाँ बस्ने नेपालीको अवस्था कस्तो छ ? भन्ने विषयबारे जानकारी दिन यो कार्यक्रम तयार पारिएको छ। कुल १२ ओटा अङ्कको यो कार्यक्रमले अमेरिका जान चाहने व्यक्तिलाई संक्षेपमा भए पनि त्यहाँको आर्थिक, सामाजिक र राजनीतिक वातावरणबारे जानकारी दिन्छ। यस कार्यक्रमले विभिन्न पेशा र व्यवसाय गर्ने सिलसिलामा अमेरिकामा बस्दै आएका नेपालीहरूको जीवनयापन तथा भोगाइ र अनुभवबाट धेरै कुरा सिक्ने अवसर दिएको छ।[१८]

## *स्वास्थ्य र एचआइभी*

तालिका २.१ मा उल्लिखितमध्ये *कर्मयोगीका कथा, उपाय, देश परदेश, समझदारी* र *आरोग्य* स्वास्थसम्बन्धी कार्यक्रम हुन्। *कर्मयोगीका कथा* र *उपाय* एन्टेना

---

[१८] २०६५ कात्तिक अन्त्यतिर यो कार्यक्रमको प्रसारण सकिइसकेको छ। कतिपय रेडियोले यसको लोकप्रियताका कारण पुनः प्रसारण थालेका छन्।

फाउण्डेशनले तयार पारेको कार्यक्रम हो। *कर्मयोगीका कथा* दुर्गम क्षेत्रमा रहेर जनतालाई स्वास्थ्य सेवा पुऱ्याइरहेका स्वास्थ्य कार्यकर्ताको जीवनमा आधारित रेडियो नाटक श्रृङ्खला हो। यसमा दुर्गम ठाउँमा कार्यरत स्वास्थ्य कार्यकर्ताले गाउँमा कसरी सेवा पुऱ्याइरहेका छन् भन्ने कुरा समेटिन्छ। नाटकका हरेक अङ्कमा एकजना स्वास्थ्य कार्यकर्ताको प्रोफाइललाई लिएर नाटक बनाइन्छ। अर्को कार्यक्रम *उपाय* चाहिँ रेडियो म्यागेजिन हो। स्थानीयस्तरमा स्वास्थ्य सेवामा देखिएका समस्या र त्यसको समाधानका उपायबारे यसमा चर्चा हुन्छ। यसअन्तर्गत ग्रामीण क्षेत्रका स्वास्थ्य केन्द्रको अवस्था, त्यहाँ स्वास्थ्यकर्मीको उपलब्धता, जनताले भोग्नुपरेका स्वास्थ्यसम्बन्धी समस्या, डाक्टर वा स्वास्थ्यकर्मीलाई गाउँमा पुऱ्याउने विषयमा सरकारको नीति वा पहल, स्वास्थ्यकर्मीलाई गाउँमा पुऱ्याउनका लागि विश्वविद्यालयको भूमिका आदि मुद्दाबारे छलफल र चर्चा हुन्छ। हरेक अङ्कमा ग्रामीण भेगमा काम गर्ने कर्मयोगी स्वास्थ्यकर्मीको प्रोफाइल पनि प्रस्तुत गरिन्छ। समग्रमा यी दुवै कार्यक्रमले ग्रामीण क्षेत्रको स्वास्थ्य स्थितिबारे जानकारी दिएका छन्। त्यहाँ गएर जनताको सेवा गर्ने स्वास्थ्यकर्मी वा स्वास्थ्य कार्यकतालाई हौसला प्रदान गरेका छन्।

इक्वल एक्सेसले उत्पादन गर्ने *देश परदेश* र *समझदारी* एचआइभी र एड्ससँग सम्बन्धित कार्यक्रम हुन्। *देश परदेश* नेपालबाट काम र रोजगारीको सिलसिलामा 'परदेश' खास गरी छिमेकी मुलुक भारतका ठूला सहर दिल्ली र मुम्बई गएर नेपाल आउजाउ गरिरहने व्यक्तिहरूले गर्दा हुन सक्ने एचआइभी र एड्ससम्बन्धी जोखिममा आधारित छ। यसले कामका लागि धेरै मानिस भारत जाने चलन भएका नेपालका मध्य र सुदूर पश्चिमका जिल्लाहरूलाई लक्षित गरेको छ। कार्यक्रममा विदेशिने व्यक्ति तथा तिनका परिवारले यौनरोग, एचआइभी र एड्सबाट बँच्नका लागि के कस्ता सजगता अपनाउनु पर्दछ भन्ने विषयमा विभिन्न पक्षसँग कुराकानी र छलफल चलाइन्छ। यसमा विभिन्न रेडियो सामग्री जस्तै विभिन्न घटना विवरण, सम्बन्धित व्यक्तिसँगको अन्तर्वार्ता, जनआवाज, नाटक, गीत, सहभागी प्रतिक्रिया र रेडियो सन्देश जस्ता सामग्री संलग्न गरिन्छ।

*समझदारी* भने महिलामाथि हुने हिंसा र एचआइभीको दोहोरो मार वा यी दुईबीचको अन्तर्सम्बन्ध देखाउन सहयोग पुऱ्याउने रेडियो कार्यक्रम हो। कार्यक्रम उत्पादनमा संलग्न जया लुइँटेलका अनुसार, महिलाहरू हिंसाकै कारण एचआइभी संक्रमणको जोखिममा परेका छन्। एक जना महिलामा एचआइभी पोजिटिभ

भेटियो भने उनले कैयौँ गुणा बढी हिंसा भोग्नुपर्छ । तसर्थ, एचआइभी र महिला हिंसाको अन्तर्सम्बन्ध छ भनेर बुझाउन यो कार्यक्रम तयार पारिएको हो ।[१९] यो कार्यक्रम मकवानपुर, सिन्धुपाल्चोक, महोत्तरी, दाङ, सुर्खेत र डडेल्धुरा गरी ६ ओटा जिल्लालाई लक्षित क्षेत्र मानेर उत्पादन गरिएको छ । यसले महिलामाथि भइरहेका हिंसा कम गर्न र एचआइभीका कारण महिलाले खेप्नु पर्ने लाञ्छना र विभेद हटाउने सन्दर्भमा श्रोताहरूलाई स्थानीय स्तरमा सामूहिक रूपमा काम गर्न उत्प्रेरित गर्छ । रेडियो सगरमाथाको *आरोग्य* कार्यक्रमले मानिसको समग्र स्वास्थ्यको विषयवस्तु उठाएको छ ।

### *बालबालिका*

इक्वल एक्सेस नेपाल र एन्टेना फाउण्डेशन दुवैले बालबालिकालाई पनि लक्षित गरेर कार्यक्रम उत्पादन गर्दै आएका छन् । अध्ययन अवधिभर एन्टेना फाउण्डेशनको *सुनौँ बोलौँ* तथा इक्वल एक्सेसको *मिलिजुली सिकौँ* नेटवर्कमार्फत प्रसारण भइरहेका थिए । *सुनौँ बोलौँ* बालबालिका आफैं संलग्न भएर उत्पादन गरेको रेडियो पत्रिका हो । यो कार्यक्रम बालबालिकालाई विभिन्न विषयमा आपसी छलफल गर्ने बानी पार्नका लागि तयार पारिएको हो । यस क्रममा विविध पृष्ठभूमिका बालबालिकासम्म पुगेर शिक्षा, स्वास्थ्य, जीवनयापन लगायतका विषयमा छलफल गरेर रिपोर्ट तयार गरिन्छ ।[२०] यसले बालबालिकाको समग्र पक्ष वा मुद्दालाई समेट्ने गर्दछ ।

इक्वल एक्सेसको कार्यक्रम *मिलिजुली सिकौँ* चाहिँ प्रारम्भिक बालविकासका लागि अभिभावकलाई लक्षित गरी तयार पारिएको कार्यक्रम हो । पाँच वर्षभन्दा कम उमेरका बालबालिकाको स्वास्थ्य, शारीरिक अवस्था, पौष्टिक आहार, मनोवैज्ञानिक अवस्था, उनीहरूका लागि अभिभावकले खेल्नुपर्ने भूमिका आदिबारे अभिभावकलाई सचेत बनाउने उद्देश्य यो कार्यक्रमले लिएको छ ।[२१]

---

[१९] जया लुइँटेलसँग २०६५ असोज १३ मा गरिएको कुराकानी । *देश परदेश* र *समझदारी* कार्यक्रमबारेको चर्चा लुइँटेलसँग गरिएको कुराकानीका अतिरिक्त इक्वल एक्सेस नेपालले उपलब्ध गराएको सो कार्यक्रमको जानकारी पत्र तथा रेकर्डमा आधारित छ ।

[२०] एन्टेना फाउण्डेशन नेपालका उदयराज रिजालसँग २०६५ असोज १५ मा गरिएको कुराकानीमा आधारित ।

[२१] *मिलिजुली सिकौँ* कार्यक्रम उत्पादनमा संलग्न इक्वल एक्सेसका मुकुन्द नेपाल तथा इक्वल एक्सेसले उपलब्ध गराएको सो कार्यक्रमको जानकारी पत्रमा आधारित ।

***विविध***

माथि उल्लेख गरिएका बाहेक अन्य विषयवस्तुमा आधारित कार्यक्रमहरू पनि नेटवर्कमार्फत काठमाडौँ र बाहिरका रेडियोमा बज्दै आएका छन् । यसअन्तर्गत विभिन्न सङ्घसंस्थाले आफ्नो संस्थाको प्रमुख उद्देश्यलाई सहयोग पुऱ्याउने गरी सञ्चालन गरेका रेडियो कार्यक्रमलाई राख्न सकिन्छ । सुशासन तथा सदाचारमा केन्द्रित कार्यक्रम यस्तै कार्यक्रम हुन् । ती कार्यक्रमले समाजका विभिन्न तहमा हुने भ्रष्टाचार तथा अधिकारको दुरूपयोगको विषयवस्तु उठाउँदै आएका छन् । भ्रष्टाचार विरुद्ध तथा उपभोक्ताको हित अभियानमा लाग्दै आएको जनहित संरक्षण मञ्च (प्रो पब्लिक) ले यसै विषयवस्तुमा आधारित कार्यक्रम *असल शासन* लामो समयदेखि उत्पादन गर्दै आएको छ । यो कार्यक्रम पहिले रेडियो नेपालमार्फतमात्र देशभर प्रसारण हुन्थ्यो भने हाल आएर एफएम रेडियोको नेटवर्क ओपन च्यानलमार्फत पनि धेरै एफएम रेडियोबाट बज्ने गरेको छ । भ्रष्टाचार विरुद्धको अर्को कार्यक्रम *सदाचार* अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उत्पादन गर्दै आएको छ । यो अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गतिविधिमा केन्द्रित छ । रेडियो सगरमाथाको *आचार विचार*ले पनि सुशासन, पारदर्शिता र भ्रष्टाचारसम्बन्धी विषयवस्तु उठाउँदै आएको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकारसम्बन्धी रेडियो कार्यक्रम लामो समयदेखि उत्पादन गर्दै आएको छ । रेडियो म्यागेजिनको ढाँचामा उत्पादित *मानवअधिकार शिक्षा* कार्यक्रममा मानवअधिकारका विभिन्न पाटाबारे जानकारी प्रदान गरिन्छ । यसले देशका कुनै पनि भागमा हुने मानवअधिकार उल्लङ्घनका घटनालाई समेट्दै मानवअधिकार रक्षार्थ समाजका विभिन्न पक्षले खेल्नुपर्ने भूमिकाबारे सचेत गराउँछ । सर्वसाधारणलाई आफ्नो मौलिक तथा आधारभूत अधिकारबारे जागरुक हुन मद्दत गर्दछ । साथै, पीडितलाई न्याय दिलाउने सम्बन्धमा कार्यक्रमले वकालत गर्दछ ।

दलित समुदायको हक र अधिकारको पक्षमा तथा जातीय विभेद र छुवाछूतको अन्त्यका लागि क्रियाशील दलित समुदायका सञ्चारकर्मीहरूको संस्था जागरण मिडिया सेन्टर पनि रेडियो कार्यक्रम उत्पादन गरी समुदायलाई सचेत गराउने अभियानमा लागेको छ । यो संस्थाको रेडियो कार्यक्रम *कट्वाल रेडियो पत्रिका* देशका २० भन्दा बढी एफएम रेडियोहरूबाट प्रसारण हुने गरेको छ । दलित समुदायले भोग्नु परेका जातीय विभेद तथा छुवाछूतका समस्या, उनीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र ती अधिकार प्राप्तिका लागि सोही समुदायद्वारा चलाइएका आन्दोलनलाई यो कार्यक्रमले उठाउने गरेको देखिन्छ । यस क्रममा दलितलाई मन्दिर

प्रवेशलगायत धारा, कुवा तथा इनार जस्ता सार्वजनिक स्थानहरूमा लगाइएको रोक, डेरा पाउन हुने कठिनाइ, उनीहरूमाथि कथित उच्च जातका मानिसहरूले विभिन्न निहुँमा बेलाबेलामा गर्ने गरेका सामाजिक वहिस्कार तथा आर्थिक नाकाबन्दी, कुटपिट आदि जस्ता अमानवीय घटनाहरू प्रसार गर्ने गरिन्छ। साथै, त्यस्ता समस्याको समाधानका लागि उपाय खोज्ने तथा पीडितलाई क्षतिपूर्ति दिलाउने र उनीहरूको मानवअधिकार बहालीका लागि वकालत गर्ने खालका विषयवस्तु प्रसार गर्ने गरिन्छ। समाजमा जरा गाडेका हलिया तथा बालीघरे आदि सामन्ती प्रथाबाट दलित कसरी शोषित र पीडित भइरहेका छन्, उनीहरूको आर्थिक अधिकारको ग्यारेन्टी कसरी हुन सक्छ भन्नेबारे पनि कार्यक्रममा प्रशस्तै चर्चा गरिन्छ।[२२]

श्रमिकको हक, हित, अधिकार र रोजीरोटीको विषयलाई लिएर कम्यूनिकेशन कर्नर (उज्यालो ९० नेटवर्क) ले *श्रम र सिर्जना* नामक कार्यक्रम उत्पादन गर्दै आएको छ। उज्यालो ९० नेटवर्कबाट प्रसारण हुँदै आएको यो कार्यक्रमका लागि नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) बाट आर्थिक सहयोग प्राप्त छ। यसमा श्रमसम्बन्धी गतिविधि, श्रमिकका समसामयिक मुद्दामा विभिन्न क्षेत्रका श्रमिकका आवाज, उद्योगी व्यवसायी र श्रमिक सङ्घ सङ्गठनका पदाधिकारीहरूसँगको कुराकानी, विशेषज्ञको राय आदि समेट्ने गरिन्छ। मजदुरको ज्याला, तलब भत्ता तथा सेवा सुविधा, उनीहरूले श्रम गर्ने क्रममा भोगेका समस्या, आर्थिक र शारीरिक शोषण, उनीहरूका माग, त्यसलाई सम्बन्धित ठाउँमा उपयुक्त ढङ्गले प्रस्तुत गर्ने विषय, मजदुर र व्यवस्थापनबीचका सम्बन्ध जस्ता विषयलाई यो कार्यक्रममा विभिन्न रिपोर्ट, अन्तर्क्रियाका माध्यमद्वारा प्रस्तुत गर्ने गरिन्छ। उदाहरणका लागि २०६५ कात्तिक ७ गतेको अङ्क (९९ औँ भाग) मा सडकमा व्यापार गर्ने मानिसहरूको विषय उठाइएको छ। यसमा सरकारले पोखरा उप महानगरपालिकाको सडक पेटीमा व्यापार गरिरहेका मानिसलाई हटाएको विषयमा चर्चा गरिएको छ। यसक्रममा सडकमा व्यापार गर्न नपाएका मानिस, नगर प्रहरी प्रमुख आदिको आवाज प्रस्तुत गरिएको छ। त्यस्तै, २०६५ कात्तिक २१ गतेको अङ्कमा सरकारले तोकेको न्यूनतम् ज्याला धेरै ठाउँमा श्रमिकले किन पाइरहेका छैनन् भन्ने विषयमा नेपाल उद्योग वाणिज्य महासङ्घको रोजगारदाता परिषद्का सभापति प्रदिपजङ्ग पाण्डे र नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) का उप महासचिव हरिदत्त जोशीसँगको छलफल प्रस्तुत छ।

---

२२ *कट्वाल रेडियो पत्रिका*लगायत देशभरका रेडियोहरूमा प्रसारण हुने दलित कार्यक्रमको समग्र अवस्थाबारे विस्तृत जानकारीका लागि विश्वकर्मा (२०६५) हेर्नुहोस्।

## कार्यक्रमको ढाँचा

तालिका २.१ मा उल्लिखित नेटवर्कअन्तर्गतका कार्यक्रममध्ये अधिकांश रेडियो पत्रिका (रेडियो म्यागेजिन) को ढाँचा (फर्म्याट) मा उत्पादित छन् । त्यसबाहेक अन्तर्वार्ता र नाटकको ढाँचामा बनाइएका कार्यक्रम पनि छन् । यी तीन ओटा फर्म्याट विकासमूलक कार्यक्रमका सन्दर्भमा चल्तीमा छन् ।

### *रेडियो पत्रिका*

विकासमूलक कार्यक्रम उत्पादनका क्षेत्रमा लामो समयदेखि संलग्न उत्पादन गृह इक्वल एक्सेस र एन्टेना फाउण्डेशन रेडियो म्यागेजिन उत्पादन गर्ने सन्दर्भमा निकै अगाडि छन् । एउटै कार्यक्रमभित्र समाचार बुलेटिनदेखि फिचर, रेडियो रिपोर्ट, जनआवाज, अन्तर्वार्ता, नाटक, प्रोफाइल, श्रोताका पत्र लगायतका सामग्री समावेश गरिने म्यागेजिन फर्म्याट विषयवस्तुलाई सरल ढङ्गले श्रोतामाझ प्रस्तुत गर्नका लागि प्रभावकारी मानिन्छ । माथि दिइएका कार्यक्रममध्ये थोरैले मात्र एउटै कार्यक्रममा यी सबै सामग्री प्रस्तुत गरेका छन् भने कुनै कार्यक्रममा सम्बन्धित विषयवस्तुको सेरोफेरोका गतिविधि र सम्बन्धित व्यक्तिसँगको अन्तर्वार्ता मात्र पनि समेटिएको हुन्छ । निश्चित विषयलाई प्रस्टचाउनका लागि सम्बन्धित विषयबारे संक्षेपमा जानकारी, त्यसमाथि सर्वसाधारणका प्रतिक्रिया, विशेषज्ञसँगको अन्तर्वार्ता तथा कार्यक्रमको मुख्य विषयवस्तुमा आधारित भएर तयार पारिएको नाटकसमेत प्रस्तुत गरिने कार्यक्रम आर्थिक हिसाबले खर्चिलो, दक्ष जनशक्तिको आवश्यकता पर्ने तथा एउटै कार्यक्रम तयार पार्नका लागि धेरै समय दिनुपर्ने कारणले उत्पादन गर्न त्यति सजिलो हुँदैन ।

इक्वल एक्सेसले उत्पादन गरेको कार्यक्रम *नयाँ नेपाल* रेडियो म्यागेजिनको राम्रो उदाहरण हो । दीगो शान्ति स्थापना तथा द्वन्द्व रूपान्तरणको विषयवस्तुमा आधारित यो कार्यक्रममा शान्ति प्रक्रियाका यावत सवालमाथि समुदायस्तरदेखि नीति निर्माणको तहसम्म भएका छलफल र बहसलाई उजागर गरिन्छ । यसका लागि कार्यक्रमको हरेक भागमा छुट्टाछुट्टै मुद्दा उठाइन्छ र त्यसमाथि छलफल चलाइन्छ । यस क्रममा सो मुद्दाबारेमा कार्यक्रमको सुरुआतमा जानकारी दिइन्छ, त्यसपछि सोही विषयमा स्थलगत रिपोर्ट प्रस्तुत गरिन्छ अनि नियमित रेडियो नाटक प्रस्तुत गरिन्छ ।[२३] उदाहरणका लागि *नयाँ नेपाल*को १३४ औं भाग

---

[२३] यस कार्यक्रममा संलग्न पत्रकार विनय गुरागाईं र विद्या चापागाईंसँग २०६५ कात्तिक २७ मा गरिएको कुराकानी तथा *नयाँ नेपाल*का विभिन्न अङ्क सुनेका आधारमा ।

संविधान सभाका विषयमा युवाहरूले के बुझेका छन् र उनीहरू यो अभियानमा कसरी लागिरहेका छन् भन्नेबारे केन्द्रित छ । यो अङ्कमा प्रशासन र स्थानीय समुदायको हातेमालोमा पाल्पामा भएको संविधान सभाका बारेमा भएको कार्यक्रमसम्बन्धी स्थलगत रेडियो विवरण, संविधान सभाका विषयमा बारा, पर्सा र रौतहटका युवाहरूको भनाइ उनीहरूकै आवाजमा प्रस्तुत गरिएको छ भने नियमित नाटक श्रृङ्खला 'लाहुरे दाइको चिया पसल' समावेश गरिएको छ ।

त्यस्तै, हरेक अङ्कमा एउटा पेशा वा व्यवसायका बारेमा जानकारी दिने *कामका कुरा* कार्यक्रमको २० औं अङ्कमा विभिन्न पेशाका बारे जानकारी दिनुपर्‍यो भन्ने श्रोताका पत्र प्रसारण गरेपछि धारा वा पाइपसम्बन्धी काम (प्लम्बिङ) का बारेमा जानकारी दिइएको छ । यस क्रममा सुरुमा प्लम्बिङ पेशासँग सम्बन्धित सानो नाटक प्रस्तुत गरिएको छ । त्यसपछि प्लम्बिङ कामको महत्त्व, यसको भविष्य, बजार आदिबारे एकजना विशेषज्ञको आवाज प्रस्तुत गरिएको छ । त्यसपछि प्रस्तोताको आवाजमा प्लम्बिङसम्बन्धी कस्ता कस्ता तालिम वा शिक्षा कहाँबाट कसरी लिन सकिन्छ, त्यहाँ कसरी सम्पर्क गर्न सकिन्छ, कति खर्च लाग्छ भन्नेबारे समग्र जानकारी दिइएको छ । कार्यक्रमको पछिल्लो भागमा प्लम्बिङसम्बन्धी काममा लागेका एक जना व्यक्तिको आवाजमा उनको सफलताको कथा प्रस्तुत गरिएको छ । कार्यक्रमको अन्तमा अघिल्लो अङ्क (भाद्र १५ गते) को बारेमा श्रोताले राखेका जिज्ञासाको जवाफ दिइएको छ । यसरी एउटा निश्चित विषयबारे विभिन्न कोणबाट विभिन्न रेडियो सामग्रीको सहायताले प्रस्ट पार्ने शैली अपनाइएको छ । *नयाँ नेपाल* र *कामका कुरा*का अलावा *देश परदेश, समझदारी, मिलिजुली सिकौं, साथीसँग मनका कुरा* सबै कार्यक्रम रेडियो पत्रिकाको ढाँचामा प्रस्तुत गर्ने गरिन्छ ।

एन्टेना फाउण्डेशनका तालिका २.१ मा उल्लिखित कार्यक्रममध्ये *उपाय, अमेरिका यात्रा सँगालो* र *सुनौं बोलौं* रेडियो पत्रिकाको ढाँचामा उत्पादन हुन्छन् । इन्सेकको *मानवअधिकार शिक्षा,* कम्यूनिकेशन कर्नर (उज्यालो ९० नेटवर्क) बाट उत्पादित *शरणार्थी सन्देश* तथा *श्रम र सिर्जना,* प्रो पब्लिकको *असल शासन,* जागरण मिडिया सेन्टरको *कट्वाल रेडियो पत्रिका,* अख्तियारको *सदाचार,* रेडियो सगरमाथाको *आरोग्य* र *आचार विचार* तथा शिक्षा पत्रकार समूहको *हाम्रो शिक्षा* पनि रेडियो पत्रिका नै हुन् । आफ्नो जनशक्तिको दक्षता, कार्यक्रम उत्पादनका लागि छुट्ट्याइएको बजेट, कार्यक्रम उत्पादनका लागि दिन सक्ने समय, लक्षित श्रोता आदिका आधारमा आफ्ना कार्यक्रममा कसैले सबै

किसिमका सामग्री प्रस्तुत गरेका हुन्छन् भने कसैले सामान्य जानकारी, कुराकानी, श्रोताका पत्र, रिपोर्ट मात्र पनि समावेश गरेका हुन्छन् ।

## *रेडियो संवाद वा अन्तर्वार्ता*

रेडियोमा संवादमूलक कार्यक्रम अर्थात् 'टक शो' हाल आएर निकै लोकप्रिय हुँदैछ । राजनीतिक विषयवस्तुमा संवादमूलक कार्यक्रम प्रसारण हुने गरेका छन् ।[२४] काठमाडौँलगायत देशभरका अधिकांश रेडियो स्टेसनमा हरेक दिन कम्तीमा एउटा संवाद कार्यक्रम चलेको छ । तालिका २.१ मा उल्लिखित नेटवर्कअन्तर्गत बज्ने कार्यक्रममध्ये *नेपाल चौतारी, विधिको शासन, हाम्रो नेपाल राम्रो नेपाल, समय समीक्षा, संविधान सभा र नेपालको भविष्य, अबको नेपाल* र *साझा सवाल* संवादमूलक रेडियो कार्यक्रम हुन् । यस्ता संवादमूलक कार्यक्रममा कम्तीमा पनि एकजना कार्यक्रम सञ्चालक र एक वा एकभन्दा बढी आमन्त्रित व्यक्ति (अतिथि) हुन्छन् । निश्चित विषय वा मुद्दाबारे सम्बन्धित क्षेत्रका विशेषज्ञसँग कार्यक्रम सञ्चालक वा श्रोताले जिज्ञासा राख्ने र अतिथिका रूपमा निम्त्याइएका ती विशेषज्ञले सञ्चालक वा श्रोताका जिज्ञासाको समाधान गर्ने ढाँचा यी कार्यक्रममा अपनाइएको छ । निश्चित विषय वा मुद्दाका बारेमा एउटै कार्यक्रममा दुई वा दुईभन्दा बढी पक्ष वा व्यक्तिलाई निम्त्याएर उनीहरूबीच बहस गराउने विधि पनि रेडियो संवादमा प्रयोग गरिएको छ । यस्ता कार्यक्रमको प्रायः प्रत्यक्ष प्रसारण गरिन्छ ।

एन्टेना फाउण्डेशनको कार्यक्रम *नेपाल चौतारी* तथा कम्यूनिकेशन कर्नरको कार्यक्रम *हाम्रो नेपाल राम्रो नेपाल* दुवैमा श्रोताको आफ्नै आवाजमा उनीहरूका प्रश्न, विचार र भोगाइलाई पनि ठाउँ दिइएको हुन्छ । यी कार्यक्रममा एक वा सोभन्दा बढी व्यक्तिलाई अतिथिका रूपमा बोलाइन्छ र उनीहरूसँग कार्यक्रम सञ्चालकले स्टुडियोमा छलफल गर्दछन् । फोन सुबिधा भएका देशभित्रका सबै ठाउँका श्रोताले पैसा तिर्नु नपर्ने फोन (टोल फ्री) मा जिज्ञासा राख्ने तथा आफ्ना विचार व्यक्त गर्ने व्यवस्था मिलाइएको छ । टेलिभिजनमा समेत देखाउन मिल्ने गरी कुनै हल वा खुल्ला स्थलमा छायाङ्कन पनि गरिने *साझा सवाल*मा दुई वा सोभन्दा बढी आमन्त्रित व्यक्तिहरू वक्ताका रूपमा उपस्थित हुन्छन् । आमन्त्रित व्यक्तिहरूले निश्चित विषयमा आफ्नो विचार राख्नुका साथै कार्यक्रम सञ्चालक

[२४] एफएम रेडियोमा संवादमूलक कार्यक्रमबारे यस अघि गरिएका अध्ययनका लागि भट्ट (२०६२), पराजुली (२०६२), तामाङ (२०६२) र वन्त (२०५९) हेर्नुहोस् ।

तथा श्रोताले राखेका जिज्ञासाको जवाफ दिन्छन् । छायाङ्कन स्थलमा उपस्थित श्रोताले प्रत्यक्ष तथा टाढा-टाढाका श्रोताले कार्यक्रमका संवाददातामार्फत निर्धारित विषयमा आफ्नो जिज्ञासा, भोगाइ र विचार राख्छन् ।

नेपाल एफएम नेटवर्कमा प्रसारण हुने कार्यक्रम *समय समीक्षा*मा श्रोताको सहभागिता गराइएको छैन भने *संविधान सभा र नेपालको भविष्य* तथा *अबको नेपाल*मा चाहिँ निःशुल्क (टोल फ्रि) फोनबाट श्रोताले जिज्ञासा राख्ने र त्यसलाई प्रस्तोताले कार्यक्रमका अतिथिसमक्ष राखिदिने गर्दछन् । एकजना अतिथिसँग प्रस्तोताले स्टुडियोमा अथवा फोनमा कुराकानी गर्छन् । *विधिको शासन* चाहिँ एन्टेना फाउण्डेशनको कार्यक्रम हो । नेपालको सुरक्षा क्षेत्रको पुनर्संरचनासम्बन्धी मुद्दामा केन्द्रित यो कार्यक्रम *नेपाल चौतारी* जस्तै ढाँचामा तयार पारेर त्यही कार्यक्रमअन्तर्गत प्रसारण गरिँदै आएको छ । साथै, *विधिको शासन*को स्थानीय संस्करण काठमाडौँबाहिरका १३ ओटा रेडियोहरूले उत्पादन गरेर आफ्नै रेडियोमा प्रसारण गर्दै आएका छन् । यो कार्यक्रम एन्टेना फाउण्डेशनले ६ अङ्क र बाहिरका १३ ओटा रेडियो हरेकले ६-६ अङ्क उत्पादन गरेका थिए । एन्टेनाले राष्ट्रिय र स्थानीय संस्करण मिसाएर फेरि यो कार्यक्रमलाई 'प्याकेजिङ' गरी प्रसारण गर्दैआएको छ ।

## *रेडियो नाटक*

यसमा निश्चित विषयवस्तुमाथि तयार गरिएको कथा हुन्छ । संवादमार्फत कथा अघि बढ्छ । धेरै जना कलाकारले संवाद बोल्छन् । साथै, आवश्यकताअनुसार साउण्ड इफेक्ट मिसाएर रेडियो नाटक तयार हुन्छ । उत्पादनका दृष्टिले यो सबभन्दा महँगो ढाँचा हो । इक्वल एक्सेस नेपालका उपेन्द्र अर्यालका अनुसार कलाकार लगाएर १५ मिनेटको एउटा राम्रो रेडियो नाटक उत्पादन गर्नका लागि सालाखाला २० हजार रुपियाँ लाग्छ । अझ राष्ट्रिय स्तरका चर्चित र ख्यातिप्राप्त कलाकारलाई खेलाउने हो भने त त्यति नै अवधिको नाटक तयार गर्न योभन्दा धेरै बढी खर्च लाग्छ ।[२५]

आर्थिक अवस्था कमजोर भएका अधिकांश एफएम रेडियोका लागि रेडियो नाटक उत्पादन गर्नु सहज छैन । यसैले पनि धेरै कम रेडियोले मात्र

---

[२५] एन्टेना फाउण्डेशनले केही वर्षअघिसम्म प्रसारण गर्दै आएको द्वन्द्व व्यवस्थापन विषयक म्यागेजिन फर्म्याटको चर्चित कार्यक्रम *छिनोफानो*को हरेक अङ्कमा मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको नाटक शृङ्खला 'मह चौतारी' पनि समावेश गर्ने गरिन्थ्यो । मधु आचार्यका भनाइमा उक्त नाटकको उत्पादन लागत अन्य कलाकारले खेल्ने गरेको त्यही अवधिको नाटकभन्दा निकै बढी थियो । आचार्यसँग २०६५ माघ ५ मा गरिएको कुराकानी ।

आफ्नै लगानीमा रेडियो नाटक उत्पादन गरेर बजाएका पाइन्छन् । यसले गर्दा इक्वल एक्सेस तथा एन्टेना फाउण्डेशनले व्यावसायिक कलाकार प्रयोग गरेर उत्पादन गर्ने रेडियो नाटकको माग एफएम रेडियोमा बढी हुन्छ । अध्ययन अवधिमा प्रसारण भइरहेका रेडियो नाटककै फर्म्याटका कार्यक्रमहरूमा एन्टेना फाउण्डेशन नेपालको *नयाँ बाटो नयाँ पाइला* र *कर्मयोगीका कथा* छन् भने इक्वल एक्सेस नेपालका प्रायः सबै कार्यक्रममा एउटा अंशका रूपमा नाटक समावेश गरिएको छ । नाटक मात्रको छुट्टै कार्यक्रम छैन । बीबीसीको *कथा मीठो सारङ्गीको* पूर्ण रूपले रेडियो नाटकको ढाँचामा निर्मित कार्यक्रम हो । विषयवस्तुअनुसार देशका विभिन्न भागमा गएर विभिन्न स्थानका कलाकारहरू समेत प्रयोग गरेर यसको रेकर्डिङ गरिन्छ । नेटवर्कअन्तर्गत बज्ने अन्य कायक्रम जस्तै इन्सेकको *मानवअधिकार शिक्षा,* जागरण मिडिया सेन्टरको *कट्वाल रेडियो पत्रिका* आदिमा पनि रेडियो म्यागेजिनको एउटा अंशका रूपमा नाटकको प्रयोग भएको छ ।

## कार्यक्रम उत्पादन प्रक्रिया र सहकार्यको अवस्था

तालिका २.१ मा उल्लेख गरिएका कार्यक्रमलाई सरसर्ती नियाल्दा त्यहाँ विभिन्न ढाँचा, उद्देश्य, लक्षित श्रोता र विषयवस्तुमा आधारित छन् । कार्यक्रमको उत्पादन प्रक्रिया पनि कार्यक्रमपिच्छे तिनको ढाँचा र उद्देश्य तथा लक्षित श्रोतामा भर पर्ने गरेको देखिन्छ ।

काठमाडौँबाहिरका सहरी तथा ग्रामीण क्षेत्रमा स्थापित रेडियोबाट काठमाडौँमा उत्पादित कार्यक्रम प्रसारण गर्दा त्यसले स्थानीय श्रोताको आवश्यकतालाई समेट्न सक्यो भनेमात्र सो कार्यक्रम उपयुक्त हुन्छ । स्थानीय सरोकारका मुद्दामा कार्यक्रम तयार गर्दा त्यहीँका आवाज र जनशक्तिलाई समावेश गरियो भने स्थानीय क्षेत्रमा त्यसको झनै महत्त्व र प्रभाव हुन्छ । यस्ता कुरालाई कार्यक्रममा कत्तिको विचार पुऱ्याइएको छ भनेर हेर्नका लागि कार्यक्रम उत्पादनको प्रक्रिया हेर्नु पर्छ । यस उपशीर्षकमा यस बारेमा चर्चा गरिएको छ । नेटवर्कअन्तर्गत प्रसारण भइरहेका कार्यक्रमहरूको उत्पादन प्रक्रिया र त्यसमा स्थानीय क्षेत्रको सहभागिता वा सरोकारलाई जोडेर हेर्दा नेटवर्कअन्तर्गतका कार्यक्रमलाई निम्न दुई प्रकारमा विभाजन गर्न सकिन्छ :

### *स्थानीय रेडियो वा समुदायसँग सहकार्य नभएका वा कम भएका*

नेटवर्कमार्फत बजिरहेका प्रायः कार्यक्रमहरूमा उत्पादन गृहले नियुक्त गरेका जनशक्तिबाहेक स्थानीय रेडियो वा समुदायको सहभागिता प्रसारक वा श्रोता र

स्रोत व्यक्तिको रूपमा मात्र हुन्छ । कार्यक्रम उत्पादन प्रक्रियामा उनीहरूको प्रत्यक्ष संलग्नता हुँदैन । तालिका २.१ मा उल्लिखितमध्ये उज्यालो ९० नेटवर्कको *शरणार्थी सन्देश,* नेपाल एफएममा प्रसारण हुने कार्यक्रम *समय समीक्षा, संविधान सभा र नेपालको भविष्य, अबको नेपाल;* अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यक्रम *सदाचार;* शिक्षा पत्रकार समूहको *हाम्रो शिक्षा,* इन्सेकको *मानवअधिकार शिक्षा;* इक्वल एक्सेसको *मिलिजुली सिकौँ, साथीसँग मनका कुरा र कामका कुरा;* एन्टेना फाउण्डेशनको *नेपाल चौतारी, नयाँ बाटो नयाँ पाइला* र *अमेरिका यात्रा सँगालो;* जागरण मिडिया सेन्टरको *कट्‌वाल रेडियो पत्रिका,* बीबीसी वर्ल्ड सर्भिस ट्रस्टको *साझा सवाल,* रेडियो सगरमाथाको *आरोग्य* र *आचार विचार* तथा प्रो पब्लिकको *असल शासन* कार्यक्रमलाई यसअन्तर्गत राख्न सकिन्छ ।

यस्ता कार्यक्रम तयार गर्दा उत्पादकले विषयवस्तुको छनोट गरेर आफ्ना संवाददतालाई रिपोर्ट बनाउन लगाउँछन् । जनआवाज तथा अन्तर्वार्ताका लागि यदाकदा स्थानीय स्रोत व्यक्तिको प्रयोग गरिएको हुन्छ । नेटवर्कअन्तर्गतका रेडियोले नियमित रूपमा प्रसारण गर्ने नेपाल एफएम नेटवर्कका कार्यक्रम *समय समीक्षा, संविधान सभा र नेपालको भविष्य* तथा *अबको नेपाल* सबै रेडियो संवाद हुन् । यी कार्यक्रम नेपाल एफएमकै स्टुडियोबाट प्रसारण गरिन्छन् । *समय समीक्षा*मा प्रायः जसो एकजना र कहिलेकाहीँ एकभन्दा बढी व्यक्तिलाई अन्तर्वार्ताका लागि निम्त्याइन्छ र कार्यक्रम सञ्चालकले सो व्यक्तिलाई तोकिएको विषयमा प्रश्न गर्ने वा बहस गर्ने गरिएको हुन्छ । श्रोताले प्रश्न सोध्ने व्यवस्था छैन । नेपाल एफएमका बाँकी दुइटा कार्यक्रममा भने श्रोतालाई पैसा नलाग्ने फोन (टोल फ्रि) बाट प्रश्न वा विचार टिपाउन लगाइन्छ र त्यसलाई सञ्चालकले कार्यक्रममा समावेश गर्छन् ।

सन् २००७ डिसेम्बर देखि छ महिनासम्म एन्टेना फाउण्डेशनले *नेपाल चौतारी*मा संविधान सभाबारे हप्ताको एउटा कार्यक्रम तयार गर्ने जिम्मा १६ ओटा एफएम रेडियोलाई दिएको थियो ।[२६] प्रत्येक रेडियोले विभिन्न नाउँमा त्यसरी उत्पादित कार्यक्रमलाई आ-आफ्नो स्टेसनबाट बजाउँथे र त्यही कार्यक्रम एन्टेनालाई पनि पठाउँथे । त्यसलाई एन्टेनाले पुनः *नेपाल चौतारी* कार्यक्रममार्फत नेटवर्कका सबै रेडियोमा साप्ताहिक रूपमा प्रसारणका लागि पठाउँथ्यो । ती १६ ओटा रेडियोलाई ६ महिनासम्म कार्यक्रम उत्पादनका लागि खर्चको व्यवस्था

[२६] एन्टेना फाउण्डेशनले उपलब्ध गराएको विवरण अनुसार ती रेडियोहरूमा कञ्चनजङ्घा एफएम, सप्तकोशी एफएम, नारायणी एफएम, रेडियो भेरी आवाज, शुक्लाफाँटा एफएम, रेडियो मर्स्याङ्दी, श्रीनगर एफएम, स्वर्गद्वारी एफएम, विजय एफएम, रेडियो मदनपोखरा, तिनाउ एफएम, बुलबुले एफएम, धौलागिरी एफएम, माछापुछ्रे एफएम, रेडियो जनकपुर र रेडियो पालुङ थिए ।

पनि दाताबाट भएको थियो । पछि सहयोगले निरन्तरता नपाउँदा स्थानीय उत्पादन पनि बन्द भयो । जिम्मा दिइएका कतिपय रेडियोले निर्धारित समयमा कार्यक्रम तयार पार्न नसकेकाले पनि यो प्रयासले निरन्तरता पाएन ।[२७] हाल यो कार्यक्रम एन्टेना फाउण्डेशनले मात्र उत्पादन गर्दै आएको छ । यसमा तीनदेखि चार जना अतिथिलाई स्रोत व्यक्तिका रूपमा निम्त्याइन्छ । केन्द्रका एक जना स्टुडियोमा नै उपस्थित गराइन्छ । काठमाडौँ बाहिरका दुईदेखि तीन जनालाई फोन गरेर सहभागी गराइन्छ ।[२८] कार्यक्रम सञ्चालकबाहेक टोल फ्रि फोनमार्फत देशभरका श्रोताले त्यस दिनको विषयवस्तुमाथि आफ्ना प्रश्न, विचार र भोगाइ प्रत्यक्ष राख्ने गरेका छन् । काठमाडौँ बाहिरका अतिथि राखेर काठमाडौँ बाहिरका विचार पनि समावेश गर्ने प्रयास गरिएको छ ।

उल्लिखितमध्ये म्यागेजिन फर्म्याटका कार्यक्रम जस्तै *मानवअधिकार शिक्षा, कट्वाल रेडियो पत्रिका, असल शासन, अमेरिका यात्रा सँगालो, मिलिजुली सिकौँ, साथीसँग मनका कुरा, कामका कुरा* जस्ता कार्यक्रममा चाहिँ विभिन्न श्रोता क्लब र कार्यक्रमका लागि नियुक्त संवाददाताले स्थानीय क्षेत्रका गतिविधि वा रिपोर्ट, जन आवाज, स्रोत व्यक्तिसँगको कुराकानी आदिलाई समावेश गर्न सहयोग पुऱ्याएका छन् । यस्तो सहभागिता पनि कार्यक्रममा लगाइने आर्थिक स्रोत वा कार्यक्रमले समुदायलाई कत्तिको परिचालन गर्न सकेको छ भन्ने कुरामा भर पर्छ । जुन कार्यक्रमका लागि पर्याप्त आर्थिक स्रोत छ वा पर्याप्त स्रोत नभए पनि स्वयंसेवी रूपमा खट्ने श्रोता क्लबहरू छन्, तिनमा पर्याप्त मात्रामा स्थानीय आवाज वा रिपोर्ट समावेश हुन्छन् । इन्सेकको *मानवअधिकार शिक्षा,* प्रो पब्लिकको *असल शासन,* इक्वल एक्सेसको *साथीसँग मनका कुरा* तथा जागरण मिडिया सेन्टरको *कट्वाल रेडियो पत्रिका*मा तुलनात्मक रूपले आर्थिक लगानी पनि बढी छ भने यी कार्यक्रमका श्रोता क्लबहरू देशभरि सयौँ वा हजारौँको सङ्ख्यामा रहेका कारण तिनलाई पनि परिचालन गरेर तिनमा प्रशस्त मात्रामा स्थानीय क्षेत्रका गतिविधि, रिपोर्ट वा आवाज समावेश गरिएको छ । यसले गर्दा कार्यक्रम काठमाडौँमा उत्पादन हुने भए पनि देशका विभिन्न ठाउँका जनता वा स्रोत व्यक्तिको आवाज, त्यहाँका मानिसको भोगाइ र गतिविधिले

[२७] एन्टेना फाउन्डेशनका उदयराज रिजालसँग २०६५ असोज १५ मा गरिएको कुराकानीमा आधारित ।

[२८] बाहिरका जिल्लाको स्रोत व्यक्तिलाई समेट्नका लागि एन्टेना फाउण्डेशनले विभिन्न जिल्लाका रेडियो स्टेसनको सहयोगमा सो स्थानका सम्भावित स्रोत व्यक्तिहरूको सम्पर्क नं., उसको विशेषज्ञताबारे जानकारी सहितको नामावली तयार पारेको छ । त्यसैका आधारमा उनीहरूलाई कार्यक्रममा सहभागी गराउने गरिएको उदयराज रिजालले बताए । रिजालसँग २०६५ असोज १५ मा गरिएको कुराकानी ।

स्थान पाएका हुन्छन् । तुलनात्मक रूपले कम आर्थिक लगानी भएका वा समुदायको कम सहभागिता भएका कार्यक्रमले यसो गर्न सक्दैनन् । त्यसैले त्यस्ता कार्यक्रम बढी काठमाडौँकेन्द्रित हुन्छन् र स्थानीय समुदायले आफ्नो आवाज मुखरित भएको महसुस गर्न पाउँदैनन् । *सदाचार* जस्ता कार्यक्रममा धेरै मात्रामा समुदायका आवाज तथा रिपोर्ट प्रसारण हुने गरेका छैनन् ।

## *स्थानीय रेडियो वा समुदायसँग सहकार्य भएका कार्यक्रम*

केही कार्यक्रमले स्थानीय रेडियो स्टेसनलाई विभिन्न विषयवस्तु दिएर त्यहीँको जनशक्तिको प्रयोग गरी कार्यक्रम उत्पादनमा सहभागी गराइएको छ । स्थानीय रेडियोसँग आवद्ध नभए पनि सामुदायिक संवाददाताका रूपमा स्थानीय समुदायका केही व्यक्तिलाई प्रयोग गर्ने चलन छ । यस्ता संवाददाताले विभिन्न ठाउँका आवाज र विषयवस्तुलाई समावेश गर्ने चलन विस्तारै बढ्दै गएको छ । उज्यालो ९० नेटवर्कको *हाम्रो नेपाल राम्रो नेपाल* र *श्रम र सिर्जना;* इक्वल एक्सेसको *नयाँ नेपाल, देश परदेश* र *समझदारी;* एन्टेना फाउण्डेशनको *विधिको शासन, कर्मयोगीका कथा, उपाय* र *सुनौँ बोलौँ,* बीबीसी वर्ल्ड सर्भिस ट्रस्टको *कथा मीठो सारङ्गीको* जस्ता कार्यक्रममा यस्तो गर्ने चलन छ ।

*हाम्रो नेपाल राम्रो नेपाल* सुरुमा काठमाडौँबाट मात्र उत्पादन हुन्थ्यो । एक वर्ष पछि (२०६५ वैशाख १७ गते) पोखराको तरङ्ग एफएमले पनि यसको उत्पादनमा सहकार्य गर्न थालेको छ । हप्तामा छ दिन चल्ने यो कार्यक्रमको बुधबारको अङ्क पोखराको तरङ्ग स्टुडियोमा उत्पादन हुन्छ । कार्यक्रममा भाग लिने अतिथि पनि स्थानीय हुन्छन् । त्यहाँ उत्पादन भएको कार्यक्रम काठमाडौँको उज्यालो ९० नेटवर्कमा जोडेर अन्य एफएम रेडियोमा पठाइन्छ । जम्मा २५ ओटा एफएम रेडियोबाट बज्ने भए पनि यो कार्यक्रमको उत्पादनका लागि उपत्यकाबाहिरको यही एउटा रेडियोसँग मात्र सहकार्य गरिएको छ ।[२९] यसलाई पनि सहकार्यको एउटा उदाहरणका रूपमा लिन सकिन्छ । यही प्रक्रिया अन्य रेडियो स्टेसनसँग पनि बढाउँदै लैजाने हो भने देशका विभिन्न स्थानमा हुने स्थानीय बहसले राष्ट्रिय रूप पाउँछन् ।

सहकार्यको अभ्यास इक्वल एक्सेस र एन्टेना फाउण्डेशनले केही कार्यक्रममा गरिरहेका छन् । यी कार्यक्रम केन्द्रमा उत्पादन भएर बाहिरका रेडियोहरूमा वितरण मात्र हुँदैनन् कार्यक्रम उत्पादनमा स्थानीय रेडियो वा सोही मुद्दामा

---

[२९] उज्यालो ९० नेटवर्कका सुनिल न्यौपानेसँग २०६५ कात्तिक २५ मा गरिएको कुराकानीमा आधारित ।

काम गर्ने कुनै सङ्घसंस्थालाई संलग्न गराइएको पनि हुन्छ । इक्वल एक्सेसको *नयाँ नेपाल, देश परदेश* तथा *समभ्रुदारी* लाई सहकार्यको राम्रो नमूनाका रूपमा लिन सकिन्छ । यी तीनै ओटा कार्यक्रमका लागि इक्वल एक्सेसले स्थानीयस्तरका एनजीओसँग सहकार्य गर्दै आएको छ । साथै, *नयाँ नेपाल* मा स्थानीय एफएम रेडियोसँग पनि सहकार्य गरिएको छ । *नयाँ नेपाल* नेटवर्कमार्फत हप्ताको दुई दिन प्रसारण हुन्छ । यो केन्द्रमा प्याकेज भएर नेटवर्कमार्फत तीन दर्जन रेडियोमा प्रसारण हुने कार्यक्रम हो । यसको स्थानीय संस्करण पनि छ जुन काठमाडौँबाहिरका १५ ओटा एफएम रेडियोहरूले उत्पादन गरी आफ्नो क्षेत्रको प्रभावशाली भाषामा प्रसारण गर्छन् । स्थानीय संस्करण उत्पादन गर्न तथा राष्ट्रिय संस्करणका लागि स्थानीय विषयवस्तुबारे रिपोर्टिङ गर्न वा जनआवाज तथा स्रोत व्यक्तिको आवाज सङ्कलन गर्न भनेर १५ ओटा एफएम स्टेसनबाट एक-एक जना र उक्त क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाबाट २-२ जना व्यक्तिलाई छनोट गरिन्छ । हरेक क्षेत्रका तीनै जनालाई इक्वल एक्सेसले कार्यक्रम उत्पादनसम्बन्धी पाँच दिन वा एक हप्तासम्मको तालिम दिन्छ, जसमा कार्यक्रमका लागि विषयवस्तु छनोट, रिपोर्टिङ, कार्यक्रमको प्याकेजिङसम्बन्धी सीप सिकाइन्छ । इक्वल एक्सेसले ती जनशक्तिलाई केही आर्थिक सहायता पनि प्रदान गर्दछ । ती जनशक्ति स्थानीय एफएम र सम्बन्धित गैरसरकारी संस्थाकै कर्मचारी हुने हुनाले नियमित तलब चाहिँ सम्बन्धित संस्थाबाट नै प्राप्त गर्दछन् ।

*नयाँ नेपाल*को स्थानीय संस्करण भने जुन रेडियोले उत्पादन गरेको हो त्यही रेडियोमा नै प्रसारण हुन्छ । यो छ ओटा भाषामा उत्पादन भइरहेको छ । रेडियो समाद एफएम, सिराहा; रेडियो जनकपुर, धनुषा र रेडियो अप्पन मिथिला, महोत्तरीले मैथिली भाषामा कार्यक्रम उत्पादन गरेर प्रसारण गर्छन् । रेडियो वीरगञ्जले भोजपुरी भाषामा, हेटौँडा एफएमले तामाङ भाषामा, र शुक्लाफाँटा एफएमले थारू र डोटेली भाषामा प्रसारण गर्छन् । सप्तकोशी एफएम, सुनसरी; सोलु एफएम, सोलुखुम्बु; विजय एफएम, नवलपरासी; रेडियो मदनपोखरा, पाल्पा; रेडियो लुम्बिनी, रुपन्देही; रेडियो स्वर्गद्वारी, दाङ; रेडियो भेरीआवाज, बाँके; रेडियो भेरी, सुर्खेत; तथा रेडियो कर्णाली जुम्लाले भने नेपाली भाषामा कार्यक्रम उत्पादन गर्छन् ।[३०]

---

[३०] इक्वल एक्सेस नेपालले उपलब्ध गराएको *नयाँ नेपाल* रेडियो कार्यक्रमसम्बन्धी जानकारी पत्र तथा यो कार्यक्रम उत्पादनमा संलग्न विनय गुरागाईं र विद्या चापागाईंसँग २०६५ कात्तिक २७ मा गरिएको कुराकानीमा आधारित ।

इक्वल एक्सेसका अन्य दुई कार्यक्रम *देश परदेश* र *समझदारी*को उत्पादनमा चाहिँ स्थानीय गैरसरकारी संस्थासँग मात्र सहकार्य गरेको देखिन्छ। यी दुवै कार्यक्रम सीमित जिल्लामा लक्षित भएका कारण ती जिल्लामा कार्यरत संस्थाका दुई-दुई जना व्यक्तिलाई प्रत्येक कार्यक्रममा सहभागी गराइन्छ। *देश परदेश* सुरक्षित बसाइँसराइ र एचआइभी एड्स तथा *समझदारी* महिला हिंसा र एचआइभी एड्ससँग सम्बन्धित भएको हुनाले एचआइभी र महिला हिंसाका क्षेत्रमा काम गर्ने संस्थालाई यी कार्यक्रम उत्पादनको साझेदार बनाइएको छ। *देश परदेश* का लक्षित जिल्लामा स्थापित संस्थाहरू अछामको नेशनल हेल्थ फाउण्डेशन, डोटीको सामुदायिक विकास मञ्च, कैलाली र कञ्चनपुरको नेपाल रेडक्रस सोसाइटी, सुर्खेतको समाज जागरण केन्द्र, तथा बाँके, वर्दिया र दाङको इन्स्टिच्यूट अफ कम्युनिटी हेल्थसँग इक्वल एक्सेसले सहकार्य गरेको छ। *समझदारी* उत्पादनका लागि सहकार्य गरेका लक्षित क्षेत्रका संस्थाहरूमा महोत्तरीमा सम्झौता नेपाल, सिन्धुपाल्चोकमा महिला आत्मनिर्भरता केन्द्र, मकवानपुरमा मकवानपुर महिला समूह, दाङमा ओरेक, सुर्खेतमा आवाज र डडेल्धुरामा रुडुक छन्। *नयाँ नेपाल*मा जस्तै *देश परदेश* तथा *समझदारी*का लागि छनोट गरिएका जनशक्तिलाई पनि निश्चित अवधिको तालिममा सहभागी गराइन्छ। कार्यक्रमका हरेक अङ्कमा कुन विषयवस्तु वा मुद्दा उठाउने हो त्यसबारे ती सामुदायिक संवाददातालाई बताइन्छ। ती संवाददाताले रिपोर्ट वा आवाज सङ्कलन गरेर केन्द्रमा पठाउँछन्। इक्वल एक्सेसको काठमाडौँस्थित कार्यालयमा कार्यरत जनशक्तिले कार्यक्रमको आवश्यकता अनुसार केन्द्रको विषयवस्तु वा अन्तर्वार्ता र त्यहाँ उत्पादित नाटक आदिलाई मिसाएर कार्यक्रम तयार पार्छन्।[३१]

माथि उल्लिखित तीन ओटा कार्यक्रममा सहकार्य गर्ने स्थानीय गैरसरकारी संस्थाको भूमिका दुईजना जनशक्ति प्रदान गर्नुमा मात्र सीमित छैन। कार्यक्रम उत्पादनलाई प्रभावकारी बनाउन तथा स्थानीय क्षेत्रका श्रोताबाट नियमित प्रतिक्रिया प्राप्त गर्नका लागि ती संस्थाले प्रभावकारी भूमिका खेलेका हुन्छन्। श्रोतालाई सामूहिक रूपमा कार्यक्रम सुनेर छलफल गराउने र प्रतिक्रियाका लागि इक्वल एक्सेसले तयार पारेको फारम भराई केन्द्रमा पठाउने काम पनि ती संस्थाको संयोजनमा हुन्छ। यता इक्वल एक्सेसले पनि हरेक कार्यक्रमका बारेमा विशेषज्ञहरूबाट नियमित सुझाव र मार्गदर्शन प्राप्त गर्नका लागि संस्थाभन्दा

---

[३१] *देश परदेश* र *समझदारी*को उत्पादनमा संलग्न जया लुइँटेलसँग २०६५ असोज १३ मा गरिएको कुराकानीमा आधारित।

बाहिरका व्यक्तिसमेत प्रतिनिधित्व भएको छुट्टाछुट्टै कार्यक्रम सल्लाहकार समूह गठन गरेको छ, जसले विगतका कार्यक्रममा के कमीकमजोरी थिए र भावी कार्यक्रम कसरी अगाडि बढ्नु पर्छ भनेर सुझाव दिन्छ ।

एन्टेना फाउण्डेशन नेपालको कार्यक्रम उत्पादनमा पनि स्थानीय रेडियोसँग साझेदारी गरिएको छ । यसले उत्पादन गर्दै आएका स्वास्थ्यसम्बन्धी दुई ओटा कार्यक्रम *कर्मयोगीका कथा* र *उपाय*, सुरक्षा क्षेत्रको पुनर्संरचनासम्बन्धी *विधिको शासन* तथा बाल कार्यक्रम *सुनौँ बोलौँ*मा त्यस्तो सहकार्य छ । *कर्मयोगीका कथा* र *उपाय* उत्पादनका लागि एन्टेना फाउण्डेशनले काठमाडौँबाहिरका १६ ओटा एफएम रेडियोसँग सहकार्य गरेको छ । ती एफएममा काम गर्ने एकजनालाई एन्टेना फाउण्डेशनले पारिश्रमिक, तालिम, तथा रेकर्डरलगायतका उपकरण प्रदान गरेको छ । ती १६ ओटा रेडियो स्टेसनका रिपोर्टरले २६-२६ जना स्वास्थ्यकर्मीको विवरण खोज्छन् । तीमध्ये सबैभन्दा प्रेरणादायी प्रोफाइल छनोट गरेर केन्द्रबाट नाटक तयार पारिन्छ । त्यो नाटक नै *कर्मयोगीका कथा* हो । नाटकमा नपरेका प्रेरणादायी व्यक्तिको जीवनी अर्को कार्यक्रम *उपाय*मा प्रसारण हुन्छन् । स्थानीय संवाददाताले तयार पारेको जीवनीसम्बन्धी थप बुझ्न वा उक्त क्षेत्रका थप सामग्री आवश्यक भए केन्द्रबाट मानिस पठाउने व्यवस्था छ ।[३२]

यसरी कार्यक्रम उत्पादनमा स्थानीय क्षेत्रका जनशक्तिलाई प्रत्यक्ष सहभागी गराउँदै तालिम, सीप तथा आर्थिक सहुलियत प्रदान गरेर उत्पादनमा प्रत्यक्ष रूपमा सरिक गराउँदा ती जनशक्तिको क्षमता अभिवृद्धिका लागि सहयोग पुग्छ । अर्कातिर स्थानीय मुद्दालाई स्थानीय क्षेत्रकै जनशक्ति प्रयोग गरेर उठाउँदा त्यो बढी प्रभावकारी पनि हुन्छ । यसले उक्त कार्यक्रममा स्थानीय समुदायको स्वामित्व पनि झल्काउँछ ।

## निष्कर्ष

नेटवर्कबाट प्राप्त हुने कार्यक्रमले प्रतिस्पर्धामा बाँचिरहेका रेडियोहरूलाई तत्कालका लागि दुई किसिमका फाइदा दिएका छन् । एक, नेटवर्कका कार्यक्रम बजाएर स्थानीय एफएम रेडियोले आर्थिक स्रोतको विकल्प भेट्टाएका छन् जसले सञ्चालन खर्चको उल्लेख्य हिस्सा धानिएको छ । कुनै रेडियोले विभिन्न संस्थाका कार्यक्रम बजाएबापत उसले प्राप्त गर्ने आम्दानी कुल आम्दानीको ३०-३५ प्रतिशतसम्म हुने गरेको छ (हेर्नुहोस् अध्याय ४) । दुई, महिला, युवा, बालबालिका, दलित,

[३२] एन्टेना फाउण्डेशन नेपालका मधु आचार्य तथा उदयराज रिजालसँग २०६५ असोज १५ मा गरिएको कुराकानीमा आधारित ।

स्वास्थ्य, शिक्षा, सुशासन, मानवअधिकार, द्वन्द्व समाधान तथा शान्ति स्थापना, संविधान सभा र राज्यको पुनर्संरचना जस्ता विभिन्न विषयवस्तुमा आधारित स्तरीय कार्यक्रमहरू विनामेहनत प्रसारण गर्न पाएका छन्। त्यस्ता कार्यक्रम उत्पादनमा बढी खर्च लागेको हुन्छ। एउटै विषयवस्तुलाई प्रस्टयाउन केन्द्रका विशेषज्ञ, नीति निर्माता वा राजनीतिज्ञदेखि गाउँका जनतासम्मको आवाज, अन्तर्वार्ता प्रस्तुत गरिएको हुन्छ। विषयवस्तुलाई रोचक बनाउन रुपक, नाटक आदि समेटिएको हुन्छ।

विभिन्न प्रकारका श्रोताले खोज्ने गरेका यस्ता कार्यक्रम यस्तै गुणस्तरमा उत्पादन गर्ने क्षमता स्थानीय स्तरका रेडियोसँग नभएको कुरा यो अध्ययनका क्रममा पनि देखिएको छ जसलाई यस्ता रेडियोसँग आबद्ध व्यक्तिहरूले पनि स्वीकार गरेका छन् (हेर्नुहोस् अध्याय ४)। आर्थिक रूपमा स्थानीय स्तरमा राम्ररी स्थापित रेडियोले पनि यो स्तरका कार्यक्रम उत्पादन गरेका छैनन्। विभिन्न किसिमका स्रोत सामग्री काठमाडौँकेन्द्रित भएको, स्थानीय स्तरमा दक्ष जनशक्तिको अभाव रहेको आदि कारण देखाएर आफूले यस्ता कार्यक्रम उत्पादन गर्न नसक्ने कुरा उनीहरूले बताउँदै आएका छन्। व्यापारिक र सामुदायिक दुवै खालका रेडियो त्यस्ता कार्यक्रम उत्पादनमा लाग्ने लागत र त्यसबाट प्राप्त हुने प्रतिफलको लेखाजोखा गरेर कार्यक्रम उत्पादन गर्न हिच्किचाउँछन्। यसले गर्दा दातृ समुदायबाट सहयोग लिएर नाफा नोक्सानको लेखाजोखा नगरी बढी लगानीमा कार्यक्रम उत्पादन गर्न तम्सिने उत्पादन गृह मात्र यस्ता कार्यक्रम उत्पादनमा ढुक्कसँग लाग्न सक्छन्। तसर्थ, समुदायका विभिन्न स्तर र क्षेत्रका श्रोतालाई सम्बन्धित विषय बुझ्न, मनोरञ्जन लिन नेटवर्कअन्तर्गत प्रसारण भइरहेका कार्यक्रमले सहयोग पुगिरहेको छ भने उनीहरूलाई आफूप्रति आकर्षित गर्न नेटवर्कमा भएका स्थानीय रेडियोलाई फाइदा भएको छ।

एफएम रेडियोको सन्दर्भमा भइरहेको यो अभ्यास नौलो भने होइन। काठमाडौँबाहिरका एफएम रेडियोमा बाहिरी उत्पादन गृहका कार्यक्रम प्रसारण भइरहेको यो अभ्यासलाई विभिन्न सङ्घसंस्थाले प्रदान गर्दै आएका फिचर सेवाको अभ्याससँग पनि दाँजेर हेर्न सकिन्छ। कमजोर आर्थिक अवस्था र पर्याप्त दक्ष जनशक्तिको अभावबीच मोफसलमा प्रकाशित पत्रपत्रिकाहरू अझै पनि स्तरीय फिचर सामग्री उत्पादन गर्न सक्षम छैनन्। यस्तो अवस्थामा तिनले काठमाडौँबाट उत्पादित फिचर सेवाबाट वातावरण, विज्ञान, महिला, स्वास्थ्य, पर्यटन, शिक्षा, दलित आदि विषयमा गहन खोजी गरी पर्याप्त लागतसहित उत्पादित सामग्री

प्राप्त गर्न सकेको र त्यसले स्थानीय स्तरमा सञ्चालित पत्रिकाका लागि केही भए पनि राहत प्रदान गरेको एक अध्ययन (अधिकारी २०६०) ले देखाएको थियो ।

यसरी केन्द्रबाट उत्पादित कार्यक्रम र राष्ट्रिय चासोका विषयवस्तु नेटवर्कमार्फत मोफसलका रेडियोमा गइरहेका छन् र त्यहाँका रेडियोले महत्त्व दिएर प्रसारण गरिरहेका छन् । त्यो सँगै स्थानीय समुदायको सरोकारका आर्थिक, राजनीतिक, धार्मिक, भाषिक र सांस्कृतिक विषयवस्तु वा मुद्दा पनि उठाउने र प्रवर्द्धन गर्ने खालका कार्यक्रम दिनेतर्फ पनि पर्याप्त पहल हुनु पर्दछ । स्थानीय कार्यक्रमलाई कसरी प्रभावकारी र रोचक बनाउने भन्ने कुराका लागि नेटवर्कमार्फत प्राप्त राम्रा कार्यक्रम स्थानीय जनशक्तिका लागि मार्गदर्शन बन्न सक्छन् । यस्ता कार्यक्रम उत्पादन गर्ने काममा धेरै लगानी गर्न स्थानीय रेडियोलाई कठिन होला तर थोरै लगानीबाट पनि स्तरीय कार्यक्रम उत्पादन गर्न सकिन्छ । यदाकदा विभिन्न ढाँचाका भिन्नाभिन्नै विषयवस्तुमा आधारित कार्यक्रम स्थानीय रूपमै उत्पादन भइरहेका पनि छन् (हेर्नुहोस् अध्याय ४) । अर्कातिर नेटवर्कअन्तर्गतका कार्यक्रममा नै पनि केन्द्रका मात्र विषयवस्तुका अलावा स्थानीय मुद्दालाई स्थान दिने र अझ कार्यक्रम उत्पादनमा स्थानीय समुदाय वा रेडियोहरूसँग सहकार्य गर्ने जुन चलन विस्तारै सुरु भएको छ, यसले कार्यक्रम नेटवर्किङको महत्त्व र प्रभावकारितालाई बढाएको छ । स्थानीय जनशक्तिको सीप र दक्षता अभिवृद्धिमा केही न केही टेवा पुग्ने वातावरण बनेको छ । साथै, स्थानीय मुद्दा राम्ररी उजागर हुन र तिनले बढी स्थान पाउन सकेका छन् । तसर्थ, नेटवर्कका कार्यक्रमको अबको पाइला केन्द्रमा उत्पादन गरेर बढीभन्दा बढी स्टेसनमा पुऱ्याउनेभन्दा पनि केन्द्र र स्थानीय समुदायबीच सहकार्य गर्ने दिशातिर उन्मुख हुनु आवश्यक छ । यसतर्फ जे जस्तो अभ्यास सुरु हुँदै छ त्यसले राम्रो सङ्केत गरेको छ ।

अन्तमा, यो अध्याय नेटवर्कअन्तर्गत प्रसारण गरिँदै आएका कार्यक्रममाथि केन्द्रित भए पनि यहाँ समाचारबारे चर्चा गरिएको छैन । समाचारको नेटवर्किङ तथा त्यसको महत्त्व र प्रभाव भिन्नै किसिमको छ । तसर्थ त्यसबारेको विस्तृत चर्चा र विश्लेषण अध्याय तीनमा गरिएको छ । साथै, नेटवर्कअन्तर्गत प्रवाहित यस्ता कार्यक्रमले मोफसलका रेडियोमा के प्रभाव पारेका छन् भन्ने चाहिँ अध्याय ४ मा चर्चा गरिएको छ ।